राष्ट्रिय गौरवका आयोजना समयमा सम्पन्न गर्न... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २६३ • २०८१ साल फाल्गुन ०५ गते सोमबार (17 February, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## अध्यादेश अर्को हप्ता पेश गर्ने तयारी

**टुडे समाचारदाता**

काठमाण्डु । भूमिसम्बन्धी अध्यादेशलाई पारित गर्ने जनता समाजवादी पार्टी (जसपा) नेपालले सहमति नजनाउँदा अर्को हप्ता संसदमा पेश गर्ने तयारी सत्तापक्षले गरेको छ ।

सत्ता गठबन्धन दलको बैठकमा सहभागी नभएको जसपा नेपालले प्रमुख सचेतकहरुको बैठक समेतलाई बहिष्कार गरेको छ ।

सत्ता गठबन्धन दलहरुको एमाले संसदीय दलको कार्यालयमा आइतबार बिहान बसेको प्रमुख सचेतकहरुको बैठकमा जसपा नेपालकी प्रमुख सचेतक रेखा यादव अनुपस्थित भएपछि अर्को हप्ता अध्यादेश संसदमा पेश गर्ने तयारी थालिएको छ ।

बैठकपछि एमाले प्रमुख सचेतक महेश बर्तौलाले यस हप्तामा अध्यादेश संसदमा पेश गर्ने तयारी नपुग्ने बताएका छन् । 'तीन संसदको बैठक बस्ने भएको छ' उनले भने, अध्यादेश सम्बन्धी काम भइरहेकाले तयारी नपुग्ने भएको छ । अर्को हप्ता फागुन ११ गते बस्ने बैठकमा अध्यादेश पेश हुने उनले बताए ।

जसपा नेपालकी प्रमुख सचेतकसित पनि फोनमा सम्पर्क भएको र उहाँहरु राजधानी बाहिर रहेकाले फर्केपछि थप संवाद हुने उनले बताए ।

तर नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले सांसदहरु कुम्भ स्नान गर्न गएकाले फर्केपछि मात्र प्रकृया अगाडि बढ्ने बताए । 'सांसदहरु कुम्भ स्नानका लागि भारत तर्फ गएका छन्' उनले भने, उहाँहरु फर्केपछि अर्को हप्ता अध्यादेश संसदमा पेश गरिने छ ।

सत्ता गठबन्धनको बैठकमा समेत अनुपस्थित रहेको जसपा नेपाल प्रमुख सचेतकको बैठकमा बाहिर रहेर अध्यादेशको पक्षमा नरहेको प्रष्ट सन्देश दिएको छ ।

भूमिसम्बन्धी अध्यादेशमा जसपा नेपालले सरकारलाई साथ नदिने प्रष्ट गरिसकेको छ । सरकारले जसपा नेपालको विकल्पमा नेकपा एसको समर्थन प्रयास थालेको छ ।

### विवादमा रहने खानको 'डन' रुप

## जनमतका सांसद अब्दुल खानद्वारा हतियार प्रदर्शन, प्रहरी सफाइमा

**सञ्जय मिश्रा / दिलिप पाण्डे**

गौर । विवादमा रहिरहने जनमत पार्टीका उपाध्यक्ष समेत रहेका सांसद अब्दुल खान पछिल्लो पटक 'डन'को रुपमा आफूलाई रौतहटमा सार्वजनिक गरेका छन् ।

रौतहट जिल्लाको सदरमुकाम रहेको गौर नगरपालिकामा दुईवटा बन्दुक लिएका दुई जनाको बीचमा पूर्व मन्त्री समेत रहेका खान र जिल्ला ईन्चार्ज शेख जमसेद 'डन' जस्तै घुमेको तस्बिरहरु सार्वजनिक भएका छन् ।

खानले सार्वजनिक रुपमा हतियार प्रदर्शन गरेर फेरि विवादमा परेका छन् । बन्दुक लिएका दुईजनाको बीचमा बसेको र फेरी सार्वजनिक स्थलमा घुमफिर गरेको फोटो सार्वजनिक गरेर खान बिबादमा परेका छन् ।

जिल्ला इन्चार्ज जमसेदले आफ्नो फेसबुकबाट बिभिन्न 'पोज'का फोटोहरु सार्वजनिक गरेका छन् । उनले सार्वजनिक गरेको तस्बिर सामाजिक सञ्जालमा तत्कालै भाइरल भएको थियो । सार्वजनिक स्थलमा इजाजत प्राप्त हतियार समेत प्रदर्शन गरेर सर्वसधारणलाई आतंकित बनाउने कार्य गर्न मिल्दैन ।

सांसद खान, इन्चार्ज जमसेदलगायतले हतियार प्रदर्शन गरेको विषय प्रहरीसम्म पुगेको छ । सामाजिक सञ्जालमा प्रतिकृयाहरु बढ्न थालेपछि जिल्ला प्रहरी कार्यालय रौतहटले घटनाको छानविन गरेको बताइएको छ ।



जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता समेत रहेका डीएसपी दीपक कुमार रायले सामाजिक सञ्जालमा हतियार बारे चर्चा बढेलगतै छानबिन गरिएको बताएका छन् ।

'जनमतका जिल्ला अध्यक्ष शेख जमसेदले सांसदसमेतलाई राखेर प्रदर्शन गरेको हतियार सरकारी इजाजत प्राप्त रहेको देखिएको छ' डीएसपी रायले भने, दुईवटै बन्दुक र बोक्ने मानिस सम्बन्धमा छानबिन भएको ।

हतियार सरकारबाट इजाजत प्राप्त रहेको तथा हतियार बोकेका दुवैजना जनमत पार्टीको सदस्य रहेको प्रवक्ता रायले जानकारी बताएका छन् ।

'दुवै हतियार र मानिसलाई जमसेदको जिम्मा लगाएर पठाएको छु 'रायले भने, अब उपरान्त सीडीओ हिरालाल रेग्मीको निर्देशन अनुसार हुने बताएका छन् ।

यसैबीच सीडीओ रेग्मीले प्रहरीले सुरुगरेको अनुसन्धान पूरा भएपछी उचित सुझाव दिने बताएका छन् ।

उपाध्यक्ष अब्दुल खान गौर नगरपालिका सबगढा गाउँ स्थित जमसेदको घरमा शनिबार भेटघाट गर्न गएका थिए । सोही क्रममा दुई जना मानिसले ठूलो बन्दुक बोकेको र खान सँगै जमसेद सोफामा बसेका थिए । उनकै घरको प्राङ्गणमा नेताहरु घुमि रहँदा दुवै जना मानिस हतियार बोकेर संगसँगै हिडेका थिए ।

सर्वसाधारणले हतियार प्रदर्शन गर्दा कार्वाही हुने र सता पक्षका नेताले त्यहि गर्दा कार्वाही हुने की नहुने गौरमा अहिले चर्चा पाएको छ ।

रौतहट जिल्लामा 'डन'को पूर्वाभ्यासमा सांसद खान लागेको कतिपयले बताएका छन् । उनीहरुले बन्दुक बोकेको र त्यसबीचमा रहेका खान र जमसेदले आफूहरु डन रहेको सन्देश दिन खोजेको आरोप लगाएका छन् ।

इजाजत प्राप्त बन्दुक लिएर समेत सार्वजनिक स्थलमा प्रदर्शन गर्न नपाइने प्रावधान विपरीत खानले आफ्ना नेता, कार्यकर्ताहरुलाई हतियार सहित घुमाएर सर्वसधारणमा त्रास उत्पन्न गर्ने प्रयास गरेको स्थानीयहरुको आरोप छ ।

इन्चार्ज जमसेदले सार्वजनिक सञ्जालमा तस्बिर राखेर भुल गरेको बताउँदै त्यसलाई हटाइसकिएको प्रतिकृया दिएका छन् । उनले आफ्नो आईडीबाट अपलोड गरेका तस्बिरहरु हटाइसके पनि विभिन्न प्रयोगकर्ताहरुले स्क्रिनसर्ट गरेर राखेका तस्बिरहरु अझै देखिन्छ ।

खान यस अघि एउटा भिडियो प्रकरणमा विवादित बनेका थिए । उनको अश्लिल भिडियो समाजिक सञ्जालमा सार्वजनिक भएको थियो । भिडियो विवाद प्रकरणमा उनले प्रविधिको प्रयोग गरी आफ्नो चरित्र हत्याको प्रयास गरिएको सफाइ दिएका थिए । उनले साइबर अपराधमा उजुरी दिएर छानबिनको माग गरेका थिए ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रको संयुक्त सरकारमा जनमत पार्टीबाट खानेपानी मन्त्री बनेका खान थोरै समयमा सरकारबाट बाहिरिएका थिए ।

सत्ता गठबन्धनको बैठकमा जनमत पार्टीको तर्फबाट खानले प्रतिनिधित्व गरिरहेका छन् । पार्टीमा बलियो पकड बनाएका खान विवादित गतिविधिहरुले पटक पटक चर्चामा रहने गरेका छन् । जनमत पार्टीले उनलाई समानुपातिक कोटामा सांसद बनाएको छ ।






# लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न



**टुडे समाचारदाता**

रौतहट । रौतहटको राजपुर नगरपालिकाको सरोकारवालाहरुसंग लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी अभिमुखिकरण एक दिने कार्यक्रम गौरको होटल सिया पैलेसको सभाहलमा सम्पन्न भएको छ। नेपाल इस्लामिक रिलिफ, इस्लामिक रिलिफ क्यानडा र आरडीसी नेपालको संयुक्त सहकार्यमा लैङ्गिक हिंसा न्यूनीकरण परियोजना सम्बन्धी एक विशेष कार्यक्रम सम्पन्न भएको हो।

लैङ्गिक हिंसा न्यूनीकरणका लागि प्रभावकारी रणनीति तयार पार्ने उद्देश्यले आयोजना गरिएको थियो।

लैङ्गिक हिंसा हाल नेपालमा गम्भीर रुपमा सामाजिक समस्या बनेको छ। समस्याको न्यूनीकरणका लागि स्थानीय तहमा विभिन्न पहलहरू आवश्यक रहेको परियोजना अधिकृत धर्मेन्द्र कुमार साहले बताए। कार्यक्रमको मुख्य उद्देश्य समुदायमा लैङ्गिक हिंसाबारे जनचेतना फैलाउने, हिंसाका घटनाहरू न्यूनीकरण गर्न नगरपालिकाको भूमिका बढाउने, र पीडितहरूलाई आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउने विषयमा छलफल गरिएको थियो।

आरडीसी नेपालका अध्यक्ष पारस हुसेनले लैङ्गिक हिंसा न्यूनीकरणका लागि यस्ता परियोजनाहरू अति आवश्यक रहेको उल्लेख गरे। उनले भने लैङ्गिक हिंसा रोक्नका लागि नीतिगत सुधार, कानूनी पहुँच, शिक्षा प्रणालीको सशक्तीकरण र समुदाय स्तरबाट पहल गर्न आवश्यक रहेको बताए। कार्यक्रमले सबै सरोकारवालाहरूलाई एकसाथ ल्याएर सवाधान खोज्ने प्रयास गरेको स्पष्ट पारे।

राजपुर नगरपालिकाका उप-प्रमुख जमिला असगरीले नगरपालिकाले लैङ्गिक हिंसाका घटनाहरू न्यूनीकरण गर्न गम्भीर रूपमा काम गरिरहेको र अगामी दिनहरुमा अझै गर्दै जाने बताए। यसका लागि योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गरिने वहाले बताउनु भयो। आगामी दिनमा विद्यालय, स्वास्थ्य संस्थाहरू र समुदाय स्तरमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम ल्याइनेछ।

कार्यक्रममा स्वास्थ्य, शिक्षा, र सामाजिक विकाससँग सम्बन्धित विभिन्न विषयहरूमा छलफल भएको थियो। सहभागीहरूले लैङ्गिक हिंसा न्यूनीकरणका उपायहरूबारे आ-आफ्नो धारणा राखेका थिए। कार्यक्रमपछि राजपुर नगरपालिकाले लैङ्गिक हिंसा न्यूनीकरणका लागि थप पहल गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। नगरपालिकाले निम्न उपायहरू अपनाउने योजना बनाएको जानकारी गराइयो। विद्यालय तथा समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालनपीडितहरूको मनोवैज्ञानिक परामर्श तथा कानूनी सहायता प्रदान गर्ने व्यवस्था, नगरपालिकामा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी विशेष कार्यसमिति गठन, स्थानीय सञ्चारमाध्यमहरू मार्फत हिंसा विरुद्ध अभियान सञ्चालन, स्वास्थ्य तथा सुरक्षा सेवाहरूलाई थप प्रभावकारी बनाईने छ।

राजपुर नगरपालिकामा लैङ्गिक हिंसा रोकथामको लागि सम्प्रेषण प्रणाली स्थापना हुने समेत बताईएको छ। कार्यक्रमको समापनमा आयोजक संस्थाहरूले धन्यवाद ज्ञापन गर्दै स्थानीय सरकार, नागरिक समाज, र सञ्चारमाध्यमको सहकार्यमा मात्र लैङ्गिक हिंसा न्यूनीकरण सम्भव हुने बताएका थिए।

# १२ औँ जिल्ला स्तरीय महिला साइकल दौड प्रतियोगिताको छनोट चरण सम्पन्न

**टुडे समाचारदाता**

रौतहट । १२ औँ जिल्ला स्तरीय महिला साइकल दौड प्रतियोगिता २०८१ को छनोट चरण गौर नगरपालिकामा सम्पन्न भएको छ । प्रतियोगितामा जिल्लाका विभिन्न ठाउँहरूबाट १०५ जना महिला प्रतिस्पर्धीहरूले सहभागिता जनाएका थिए । तीमध्ये उत्कृष्ट प्रदर्शन गर्ने १५ जना अन्तिम चरणमा प्रवेश गर्न सफल भएका छन्।



गौर नगरपालिकाका नगर उपप्रमुख शैल कुमारी साहले रिवन काटेर छनोट चरणको उद्घाटन गरेको थियो। उद्घाटन समारोहमा उनले महिलाहरूको खेलकुद क्षेत्रमा बढ्दो सक्रियता प्रशंसनीय रहेको बताउँदै महिलालाई खेलकुद मार्फत आत्मनिर्भर र आत्मविश्वासी बनाउने कार्यमा यस्ता प्रतियोगिताहरूले ठूलो योगदान गर्ने उल्लेख गरे।

प्रतियोगिता संयोजकका अनुसार सहभागी १०५ जना खेलाडीलाई १५ वटा समूहमा विभाजन गरिएको थियो।

अन्तिम चरणमा प्रवेश गर्ने खेलाडीहरूको रौशनी कुमारी यादव, पिंकी कुमारी, प्रियंका पण्डित, सिमरन जैसवाल, श्रिष्मा रानी पटेल, नुतन कुमारी राम, निकि कुमारी पासवान, मोनिका कुमारी साह, सञ्जनी कुमारी यादव, अलका कुमारी साह, रबिना साह, मिथलेश कुमारी, सलोनी दास, रानी कुमारी यादव, रितु कुमारी पटेल प्रत्येक समूहका प्रथम स्थान हासिल गर्ने खेलाडीहरू अन्तिम चरणका लागि छनोट भएका छन्।

राजदेवी मिडिया सेन्टर गौर रौतहटद्वारा बिगत १२ वर्षदेखि निरन्तर आयोजना हुँदै आएको प्रतियोगिता जिल्लाको प्रतिष्ठित खेलकुद प्रतियोगितामध्ये एक हो। महिला खेलकुद प्रवर्द्धनका लागि प्रतियोगिता महत्त्वपूर्ण मानिन्छ।

आयोजक संस्थाका अध्यक्ष राम पुकार पटेलका अनुसार महिलाहरूलाई खेलकुदमा प्रेरित गर्न र उनीहरूको प्रतिभालाई उजागर गर्न प्रतियोगिता विशेषरूपमा आयोजना गरिएको हो।

उनले भन्नुभयो हिला खेलाडीहरूका लागि एउटा उत्कृष्ट प्लेटफर्म हो।

वर्षेनि प्रतियोगिताको लोकप्रियता बढ्दै गएको छ । यस वर्ष १०५ जना प्रतिस्पर्धीले भाग लिएको देख्दा खुशी लागेको छ। महिलाहरूको सशक्तिकरणका लागि यस्ता प्रतियोगिताहरूले सकारात्मक प्रभाव पार्ने र खेलकुद क्षेत्रमै भविष्य खोजिरहेका खेलाडीहरूका लागि प्रेरणा बन्ने आयोजक समितिले विश्वास लिएको छ।

प्रतियोगिताको अन्तिम चरण यही फागुन ७ गते गौरको बी.पी. चौकमा हुनेछ । आयोजकका अनुसार अन्तिम चरणमा प्रतिस्पर्धा अझ रोमाञ्चक हुनेछ। निर्णायक चरणमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई आकर्षक पुरस्कार पनि प्रदान गरिने छ । प्रथम हुनुले ५०,००० दोश्रो हुनुले ३०,००० र तेस्रो हुनुले २०,००० रकम समेत पाउनेछन्।

महिला खेलकुदलाई थप प्रवर्द्धन गर्न यस्ता प्रतियोगिताहरू निरन्तर आयोजना गरिने आयोजक संस्थाले जनाएको छ । प्रतियोगितामा सहभागी सम्पूर्ण खेलाडीहरूलाई शुभकामना दिँदै, खेलाडीहरूले आफ्नो उत्कृष्ट प्रदर्शन प्रस्तुत गर्ने विश्वास लिइएको छ।

# ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**टुडे समाचारदाता**

बारा। ट्रकको ठक्करबाट एक जना मोटरसाइकल चालकको मृत्यु भएको छ।

बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर-२ स्थित शुभलाभ ट्रेडर्स अगाडि ट्रकले ठक्कर दिँदा मोटरसाइकल चालक उदित नारायण झाको मृत्यु भएको बारा प्रहरी प्रवक्ता प्रकाश सापकोटाले जानकारी दिए।



पथलैयाबाट वीरगन्जतर्फ आउँदै गरेको ना ६ ख २८९५ नम्बरको ट्रकले विपरीत दिशाबाट जाँदै गरेको ना ४० प ४१९५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा दुर्घटना भएको बारा प्रहरीले जनाएको छ।

यो दुर्घटनामा अर्का एक जना गम्भीर घाइतेसमेत भएको प्रहरी प्रवक्ता सापकोटाले बताए। प्रहरीका अनुसार गम्भीर घाइते भएका जितपुरसिमरा-२ निवासी उत्पल आचार्यको वीरगन्जस्थित एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको छ। उनको दाहिने खुट्टा र टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ।

दुर्घटनापछि प्रहरीले ट्रक चालक धादिङ गजुरी-६ पोखरी खोला बस्ने सन्दीप भुजेल तथा सहचालक सोही ठाउँका सुशील थापालाई पक्राउसमेत गरेको छ।

पक्राउ परेका दुबैजनालाई जिल्ला प्रहरीको हिरासतमा राखी घटनाबारे आवश्यक अनुसन्धान भइरहेको बारा प्रहरीले जनाएको छ।

# "हाम्रो माया घर" को निर्माणले गति लिँदै

जलेश्वर । जिल्लाको बर्दिबास नगरपालिकामा निर्माणाधीन 'हाम्रो माया घर' ले तीव्रता पाएको छ।




मधेश प्रदेशका सडक मानव, बेसहारा, अशक्त र असहायलाई सहारा दिने उद्देश्यले बर्दिबास-२ मा सुरु भएको 'हाम्रो माया घर' अहिले तीव्र गतिमा निर्माण अगाडि बढेको नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीले बताउनुभयो।

परोपकारी भावना बोकेका स्थानीय १५ जना दाताले करिब रु डेढ करोड मूल्य बराबरको साढे पाँच कट्ठा जग्गादान दिएपछि बर्दिबासमा सडक मानवका लागि भवन निर्माण प्रक्रिया सुरु भएको उहाँले उल्लेख गर्नुभयो। उहाँका अनुसार रु १० करोड ६९ लाख लागतमा भवन निर्माण भइरहेको छ।

भागवत मञ्जरी 'राधिका दासी'को प्रेरणाले बर्दिबासमा गत साउन २१ देखि २९ गतेसम्म आयोजित शिवपुराण महायज्ञमा दानबाट रु दुई करोड ४० हजार १८६ सङ्कलन भएपछि काम सुरु भएको माया घर निर्माण समितिका सचिव चेतकुमार थापाले जानकारी दिनुभयो।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले गत साउन ३० गते शिलान्यास गर्नुभएको 'हाम्रो माया घर' को निर्माण आर्थिक अभावमा ढिलाइ भएकामा अहिले सहयोग सङ्कलन हुन थालेपछि कामलाई तीव्रता दिइएको सचिव थापाले बताउनुभयो।

मधेश प्रदेशमा पहिलो पटक सडक मानवको सहायताका लागि निर्माण भइरहेको भवन सबैका लागि प्रेरक, अनुकरणीय र मानव कल्याणको हितमा उदाहरणीय कार्य भएको उहाँको भनाइ छ।

मानसिक सन्तुलन गुमाएर सडक बाटोमा भौँतारिने, मागेर खाने महिला तथा पुरुष, असहाय सडक बालबालिका, हिंसापीडित वृद्धवृद्धा, मानसिक रुग्णता भएका र परिचय गुमाएकालाई नयाँ नाम, पहिचान र मायाको ओत दिने उद्देश्यले ' हाम्रो माया घर' निर्माण थालिएको बताउँदै यथाशीघ्र काम सम्पन्न गरी सञ्चालनमा ल्याइने समितिका अध्यक्ष शम्भुप्रसाद भट्टराईले बताउनुभयो।

> भागवत मञ्जरी "राधिका दासी"को प्रेरणाले बर्दिबासमा गत साउन २१ देखि २९ गतेसम्म आयोजित शिवपुराण महायज्ञमा दानबाट रु दुई करोड ४० हजार १८६ सङ्कलन भएपछि काम सुरु भएको माया घर निर्माण समितिका सचिव चेतकुमार थापाले जानकारी दिनुभयो ।

विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मा भवन निर्माण गर्न रु १० करोड ६९ लाख ४५ हजार ४७७ लाग्ने उल्लेख छ । प्रतिवेदनअनुसार बालबालिका र अपाङ्गमैत्री तथा भूकम्प प्रतिरोधी अत्याधुनिक दुईवटा भवन बन्नेछन् । खानेपानी, बिजुलीबत्ती र शौचालय सुविधासहितका दुई भवनमध्ये एउटा दुईतले र अर्को चारतलेमा गरी १२ कोठाका हुनेछन् । यसमा आवास, भोजनालय, सभा कक्ष, अध्ययन कक्ष, मन्दिरलगायत संरचना रहनेछन्।

करिब २०० सडक मानव र अनाथ बालबालिकाको बसोबास, खानपान, स्वास्थ्योपचार र शिक्षा, पूजाआजा र ध्यान तथा आराधनाका लागि मन्दिरको समेत प्रबन्ध गरिने समितिका अध्यक्ष भट्टराईले बताउनुभयो। उहाँका अनुसार निर्माणाधीन भवन ५ वर्षभित्र सञ्चालनमा आइसक्ने छ।

समितिले भवन तयार भएर सञ्चालन हुनअघि पनि अनाथ बालबालिका र सडक मानवलाई उद्धार गरेर अभिभावकत्व लिने भन्दै इटहरीस्थित माया घरमा व्यवस्थापन गरिने समितिका अध्यक्ष भट्टराईले जानकारी दिनुभएको छ।

यसैबीच, मधेश प्रदेशका मुख्यमन्त्री सिंहले मधेस प्रदेश सरकारले आवश्यक बजेट व्यवस्थापन गरी हाम्रो मायाको घर निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

स्थलगत निरीक्षणका लागि भवन निर्माणस्थल पुग्नुभएका प्रदेशका अर्थमन्त्री सुमनकुमार आगामी आर्थिक वर्षमा भवन निर्माणका लागि रु ५० लाख बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाउनुभयो।

साथै भौतिक योजना तथा निर्माणमन्त्री सरोजकुमार यादवले मन्त्रालयले रु ३० लाख सहयोग गर्ने जानकारी दिनुभयो। यस घर निर्माण तथा सञ्चालन गर्न निर्माण समिति तथा बर्दिबास नगरपालिकाले सम्पूर्ण शुभेच्छुक व्यक्ति, विभिन्न सङ्घसंस्था, स्थानीयलगायतसँग सहयोगका लागि आग्रह गरेको छ। रासस

# तेह्र लाख किशोरीलाई लगाइयो एचपिभी खोप

काठमाण्डु । पाठेघरको मुखको क्यान्सरबाट बचाउने उद्देश्यले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चालन गरेको एचपिभी खोप अभियानबाट १३ लाख किशोरीले खोप प्राप्त गरेका छन्।

अभियानको १२ औँ दिन शनिबारसम्म १३ लाख किशोरीले खोप लिएका स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखा प्रमुख डा विवेककुमार लालले जानकारी दिनुभयो।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले हालसम्म अभियानलाई सफल पार्न खट्ने सबै स्वास्थ्यकर्मीहरु, स्वयंसेवक, सहयोगी विद्यालयलगायत सबै सहयात्रीहरुलाई अनवरत मेहनतका गरेकामा धन्यवाद ज्ञापन गर्नुभएको छ।

गत माघ २२ गते सुरु भएको अभियान यही फागुन ६ गतेसम्म सञ्चालन हुनेछ । अभियानका क्रममा कक्षा ६ देखि १० का छात्रा र १० देखि १४ वर्षका किशोरीलाई स्थानीय तहमा रहेका केन्द्रहरुमार्फत खोप लगाइएको हो।रासस

ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | कामको मेसो नमिल्दा केही अलमल हुनेछ। |
| वृष : | समयमा निर्णय नलिने बानीले अप्ठयारो पार्न सक्छ। |
| मिथुन : | विभिन्न कामका अवसर प्राप्त हुनेछन्। |
| कर्कट : | अरुको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ। |
| सिंह : | सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ। |
| कन्या : | खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ। |
| तुला : | प्रशस्त लाभ उठाउने समय छ। |
| वृश्चिक : | परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ। |
| धनु : | जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ। |
| मकर : | स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला। |
| कुम्भ : | हडबडले काम बिग्रनेछ। |
| मीन : | कामको मेसो नमिल्दा अलमल हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जनकपुरधाममा टिभिएसको दोस्रो शोरुम संचालन




**टुडे समाचारदाता**

जनकपुरधाम । जगदम्वा मोटर्स अन्तरगतका टिभिएसको शोरुम संचालन गरेका आर्यन अटोले शोरुम विस्तार गरेको छ। जनकपुरधामको तपसी चौकमा संचालनमा रहेको शोरुमकै माथि अर्को तल्ला थप गरी शोरुम विस्तार गरिएको हो।

शोरुमको उदघाट्न गर्दै मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मुलुकको अर्थतन्त्र निराशातर्फ अग्रसर भइरहेको अवस्थामा अटो मोवाईलका डिलरले शोरुम विस्तार गर्नु मधेश प्रदेशका लागि खुसीको कुरा रहेको बताए । अवस्था जस्तो सुकै भएपनि कुशल कार्यशक्तिले जेपनि गर्नसक्ने उदाहरण प्रस्तुत गरेको प्रति आयर्न अटोलाई मुखयमन्त्री सिंहले बधाई दिएका थिए। मुख्यमन्त्री सिंहले अहिले अस्पतालहरुमा गरिदै आएको अनुगमनप्रति मधेशका जनसमुदाय साकारात्मक रहेको बताउदै केहि व्यक्तिहरुले विरोध गर्दैमा अनुगमनको कार्य नरोकिने बताए । उनले जनकपुरधाम राजधानी रहेकोले अनुगमनको कार्य यहिबाट सुरुवात गरिएको र छिटै मधेश प्रदेशका आठवटै जिल्लामा संचालन रहेका निजी अस्पतालहरु अनुगमन गरि वेथिती समाप्त गरिने बताए।उनले अटोमोवाईल्सहरुले समाजमा गर्दै आएको लगानी नागरिकलाई फायदा हुने खालको गर्नुपर्ने सुझाव दिदै उनले भने,'अब झोला र फोहर फयाक्ने डसवीन बाडेर हुदैन,नागरिकलाई दिर्घकालीनसम्म फायदा हुने खालको कार्यमा लगानी गर्नुपर्ने आवश्यकता छ।'

टिभिएसको टु व्हिलर विक्री वितरण गरिरहेका आर्यन अटो मधेश प्रदेशकै नम्वर एक मोटर साईकल विक्रेता रहेको छ,अटोका संचालक रामबालक महतोले हाल सम्म जनकपुरधाम र जलेश्वर गरि दुई ठाउमा टिभिएसका विद्युतिय र पेट्रोल गाडीहरु विक्री वितरण गर्दै आएको जनाइएको छ।

# अन्तर दलितमा छुवाछुत अन्त्य र एकताका लागि अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम । अन्तर दलितमा छुवाछुतको प्रथा कायम रहेको भन्दै जनकपुरधामका दलित समुदायले दलितका अगुवाहरुसंग छलफल गरेको छ।

जनकपुरधाम उपमहानगरपालिका वार्ड नं १७ कनकपटी टोलमा आइतबार दलित समुदायले आयोजना गरेको महासभामा अन्तर दलित छुवाछूतको अन्त्य र एकता अभियान विषयमा छलफल गरेको छ । कार्यक्रममा बहुजन एकता पार्टी नेपाल को केन्द्रिय अध्यक्ष हरिनन्दन कुमार रञ्जनले दलितमाथि लादिएको विभेदलाई समाप्त गर्नु आजको आवश्यकता रहेको बताए। उनले भने,यो समाजको हरेक तहमा राजनीतिक रुपले ,समाजीक रुपले,आर्थिक रुपले र मानिवय हिसावले दलितमाथि विभेद गरिएको छ,जातको हिसावले भेदभाव देखि लिएर मानिवयता भावनालाई पनि ठेस पुरयाएको अवस्था छ,दलितका सम्पुर्ण अगुवाहरु एक भएर लागे मात्र यस किसीमका समस्या समाधान गर्न सकिन्छ ।'जातपातकै कारण दलितहरु बढि प्रभावित भएको बताउदै उनले दलित



समुदायमा बैचारिक एकता,राजनीतिक एकता देखि लिएर उचनिच फेलाउने जात विरुद्ध सबै एक नभएसम्म विभेदलाई समाप्त पार्न नसकिने बताए। उनले भने,'सरकारले छुवाछुत अन्त्य गरेर मात्रै हुदैन,यसको लागि समाजलाई इमान्दार बन्नै पर्छ।'

कार्यक्रममा बहुजन एकता पार्टी नेपालका महासचिव प्रकास मेहराले विभेदमा परेका समुदायनै विभाजित हुँदा संविधानमा व्यवस्था गरिएपनि छुवाछुत र भेदभाव अन्त्य हुन नसकेको बताए। मुलुक अहिले वैज्ञानीक युगमा पुगिसेकेपनि समाजका केहि उच्च भनाउदाहरुको मानसीक दरिद्रताका कारण दलित समुदायमाथि अहिले पनि हत्याहिंसा देखि लिएर कुटपिट र भेदभाव कायम रहेको उनले बताए । उनले भने,'यो देशमा कुकुरको पुजा हुन्छ तर मानव मानव विच विभेद हुन्छ,कतिको संक्रिण विचार कायम छ यसबाट अनुमान लगाउन सकिन्छ,मुलुकमा साठी देखि सत्तर लाख दलित समुदायको जनसंख्या छ तर राज्यको कुनै पनि निकायमा दलितको मजवुत पहुँच छैन।' अन्तर दलितमा भईरहेको छुवाछुत अन्तयका लागि जनचेतना फैलाउने कार्यलाई व्यापकता दिनुपर्ने आवश्यकता रहेको उनले बताए।

त्यसैगरि दलित अधिकारकर्मी सुवोध पासवानले दलितहरुमा आफैमा रहेको छुवाछुत अन्त गर्नु एकदम आवश्यक रहेको बताए । सरकारले छुवाछुत अन्त गरेको १७ वर्ष भइसक्दा पनि अहिले सम्म कार्यन्वयनमा कमजोरी देखिनुको मुख्य कारण दलित समुदायमा एक नरहनु बताउदै उनले दलित समुदायमा जनचेतनाको कार्यलाई बढावा दिनुपर्ने र एकताका लागि पहल गर्नुनै एकमात्र विकल्प रहेको बताए।

दलित समुदायको आपसमै कायम रहेको छुवाछुतको अन्त्य र बैचारिकरुपमा एकता अभियान चलाउने मुख्य उदेश्यका साथ दलित अगुवाहरुले जनकपुरधाम उपमहानगरपालिकाको कनकपटी टोलबाट महासभा अभियानको सुरुवात गरेको छ। कार्यक्रममा वार्ड नं १७ अन्तरगतका विभिन्न टोलका दलित समुदाय र दलित अगुवाहरुको सहभागीता रहेको दलित अधिकारकर्मी सुवोध पासवानले बताए।

# नवीकरणीय ऊर्जासम्बन्धी विधेयक, २०८१ सर्वसम्मतिले पारित

काठमाण्डु । राष्ट्रियसभाको आइतबारको बैठकले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ सर्वसम्मतिले पारित गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ' विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ पारित गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले उक्त विधेयकमाथि निर्णयार्थ प्रस्तुत गर्दै सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभएको हो।



बैठकमा 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । उहाँले कुनै पनि अनुसन्धानलाई वैज्ञानिक र प्रमाणमा आधारित बनाउनका लागि यो विधेयक आवश्यकता रहेको र सही अनुसन्धानका लागि जरुरी भएको स्पष्ट पार्नुभयो।

बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले 'दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकतासम्बन्धी प्रतिवेदन, २०८१' सभासमक्ष पेस गर्नुभयो।

राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले राष्ट्रियसभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा पठाइएको 'सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभासमक्ष टेबुल गर्नुभयो।

साथै, उहाँले 'बैङ्किङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०' का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराई टेबुल गर्नुभयो।

राष्ट्रियसभाको अर्को बैठक यही फागुन ६ गते मङ्गलबार बिहान ११:१५ बजे बस्नेछ।रासस

# लोकतन्त्र नै न्यायपूर्ण समाजको जीवनरेखा हो: राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले लोकतन्त्र नै न्यायपूर्ण समाजको आधारशीला र मौलिक अधिकारहरू यसको जीवनरेखा भएको बताउनुभएको छ। आइतबार यहाँ आयोजित पाँचौं 'ल एशिया' तथा अन्तरराष्ट्रिय मानव अधिकार सम्मेलनमा उहाँले यी अधिकारहरूले प्रत्येक व्यक्तिलाई मर्यादा, स्वतन्त्रता र समानताका साथ बाँच्ने अधिकार सुनिश्चित गर्ने बताउनुभयो।

नेपालमा, लोकतन्त्रप्रतिको जनताको लामो समयदेखिको समर्पण र उत्सर्गले हामीलाई त्यस्तो समाज निर्माणका लागि हरेक दृष्टिबाट प्रेरित गरेको राष्ट्रपति पौडेलको भनाइ थियो।

नेपालले लोकतन्त्र प्राप्तिका लागि लामो र कठिन यात्रा तय गरेको उल्लेख गर्नुभयो। राष्ट्रपति पौडेलले लोकतन्त्रको सङ्घर्षमा धेरै साहसी व्यक्तिहरूले अथक सङ्घर्ष गरेको बताउँदै यो सङ्घर्ष नेपालमा लोकतन्त्रको स्थापना पुनर्स्थापना हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्न महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "यी प्रयासमार्फत नै हामीले मानव अधिकारको सम्मान गर्ने समाज निर्माण गर्न सक्षम भएका छौं । यसमा नेपालका कानुन व्यवसायीहरूको योगदान अविस्मरणीय छ।

जहाँसुकै र जो कोही होस् कानुन व्यवसायीहरू विधिको शासनको पहरेदार हुन् र लोकतन्त्रको रक्षक हुन् भन्ने पनि मेरो ठम्याइ छ।"

उहाँले कुनै पनि किसिमको यातनारहित स्वतन्त्रतापूर्वक बाँच्न पाउने हक, दासतामुक्त जीवन, रङ्गभेद, लिङ्गभेद, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, अनिवार्य रोजगारी र स्तरीय शिक्षा तथा स्वास्थ्य मानवलाई नभई नहुने अधिकार भएको बताउनुभयो । उहाँले भन्नुभयो, "लोकतन्त्रमा नागरिकका यी अधिकार राज्यबाट प्रत्याभूत भए, नभएको अनुगमन गर्ने र नभएको भए त्यसमा आवाज उठाउने व्यवसायिक धर्म पनि कानुन व्यवसायीको हो भन्ने मेरो बुझाइ छ।"

राष्ट्रपति पौडेलले लोकतन्त्रप्रति नेपालको प्रतिबद्धताले आफूहरूलाई विश्वव्यापी रूपमा मानव अधिकार र न्यायको वकालत गर्दै अन्तरराष्ट्रिय मञ्चमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्षम बनाएको बताउनुभयो।

राष्ट्रपति पौडेलले हिमालयको मुटुमा अवस्थित नेपाल प्राकृतिक सौन्दर्य र स्रोतसाधनले भरिपूर्ण देश नेपालमा पछिल्लो समय जलवायु परिवर्तनका कारण हाम्रा समुदायहरूमा गहिरो प्रभाव पर्न थालेको उल्लेख गर्दै जलवायु परिवर्तनका कारण नेपालमा प्राकृतिक प्रकोप, जैविक विविधताको क्षति र कृषिमा आधारित जीविकोपार्जनमा समेत खतराहरू बढ्दै गएको बताउनुभयो।

उहाँले भन्नुभयो, "विकसित देशहरूको कार्यबाट उत्पन्न वातावरणीय ह्रासको परिणाम नेपालले भोगेको छ। रासस

# परराष्ट्रमन्त्री डा देउवा र युएइका मन्त्रीबीच भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवासँग संयुक्त अरब इमिरेट्स (युएई) का विदेश, अर्थ तथा व्यापार मामिलासम्बन्धी राज्यमन्त्री अहमद अली अल सायेघले आइतबार ओमनको राजधानी मस्कटमा शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

आठौँ हिन्दमहासागरीय सम्मेलनमा सहभागी हुन ओमनको मस्कटमा रहनुभएका उहाँहरुबीच आज साइडलाइन भेट भएको हो। भेटका क्रममा उहाँहरुबीच नेपाल र संयुक्त अरब इमिरेट्सबीचको द्विपक्षीय सम्बन्धका साथै श्रम, पर्यटन तथा आर्थिक विकासका विविध विषय र जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका लागि आवश्यक सहकार्यका विषयमा कुराकानी भएको थियो।

त्यसअवसरमा मन्त्री डा देउवाले नेपाली जनशक्तिलाई रोजगारी प्रदान गर्दै आएकामा मन्त्री सायेघमार्फत संयुक्त अरब इमिरेट्स सरकारलाई विशेष धन्यवाद ज्ञापन गर्नुभएको उहाँको सचिवालयले जनाएको छ। मन्त्री सायेघले युएइको आर्थिक सामाजिक विकासमा नेपाली जनशक्तिको ठूलो योगदान रहेको भन्दै प्रशंसा गर्नुभएको थियो।

उहाँहरुबीच दुई देशबीच पर्यटन, आर्थिक विकास, व्यापारका क्षेत्रमा आगामी दिनमा गर्न सकिने सहकार्य एवं लगानीका बारेमा पनि छलफल भएको थियो।

मन्त्री डा देउवाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा युएइको दुबईबाट प्रत्यक्ष उडान सुरु गर्न मन्त्री सायेघसँग आग्रह गर्नुभएको पनि उहाँको



सचिवालयले जनाएको छ। मन्त्री सायेघले यस विषयमा तत्कालै प्राविधिक अध्ययन थाल्ने र उडान सुरु गर्ने योजनाका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

मन्त्री डा देउवाले नेपालले क्षेत्रीय र विश्वव्यापी महत्वका गम्भीर मुद्दाहरूमा छलफल गर्न एक विश्वव्यापी संवाद मञ्चका रुपमा आगामी 'मे' मा काठमाडौँमा सगरमाथा संवाद आयोजना गरेको जानकारी गराउँदै जलवायु परिवर्तनबारे केन्द्रित हुने सो संवादमा भाग लिन युएइलाई पनि आमन्त्रण गर्नुभयो।रासस


**लक्ष्मीनियाँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लक्ष्मीनियाँ बजार, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/०५**

वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित तथा उपलब्धिमुलक बनाउने उद्देश्यले सूचना तथा परामर्श, सिप तालिम, न्यायमा पहुँच, वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श लगायत सामुदायिक सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि निम्नानुसारको जनशक्ति करार लिन आवश्यक भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुका लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद भित्र आवेदन प्राप्त नभएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन।

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १. | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह सरह) | १ जना (महिलालाई विशेष ग्राहयतादिईने छ) | ● मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पबिलक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएलवर्कमा वा स्नातक तह/ स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्टग्राजुएट डिप्लोमा इन काउन्सेलिङ्ग उतीर्ण गरेको।<br>● मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ।<br>● कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email, Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सकने।<br>**सामी कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः**<br>कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उतीर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी सो केन्द्रबाट प्रमाणपत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको। |
| २. | रिटर्नी स्वयंसेवक(वैदेशिक रोजगारबाट फर्की आएका) | २ जना | ● न्यूनतम कक्षा ८ उतीर्ण गरी वैदेशिक रोजगारी (खाडीमुलुक वा मलेसिया) मा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको।<br>● सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइने छ। |

**कार्य अवधि**ः २०८२ असार मसान्तसम्म। तर आवश्यकता र कार्य सम्पादनको आधारमा नविकरण गर्न सकने छ।

**परिक्षा दस्तुर**ः मनोसामाजिक परामर्शकर्ताको हकमा रु ७००।- रिटर्नी स्वयंसेवकको हकमा रु ५००।- यस लक्ष्मीनियाँ गाउँपालिकाको राजश्व शाखामा रकम जम्मा गरी सक्कलै भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ।

**उमेरको हद**ः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**छनौटको किसिम**ः लिखित (वस्तुगत प्रश्न) र अन्तरवार्ता।

**तलव तथा अन्य सुविधा**ः स्थानीय तहमा सुरक्षित आप्रवासन कार्यक्रम संचालन वित्तीय मार्गदर्शन, २०८१ अनुसार हुनेछ।

**दरखास्त दिने अन्तिम मिति**ः २०८१/११/१९ गते सम्म (अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सम्म)

**आवश्यक कागजातहरुः**

- **मनोसामाजिक परामर्शकर्ता पदका लागिः**

हस्त लिखित निवेदन पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रतिलिपि, व्यक्तिगत विवरण (Bio-data/CV) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा स्पष्ट पद सहित निवेदन यस गाउँपालिकामा पेश गर्नु पर्नेछ।

- **रिटर्नी स्वयंसेवकको हकमाः**

यस स्थानीय तहको हुनुपर्ने, स्पष्ट पद सहित निवेदन पत्र, राहदानीको प्रतिलिपि (वैदेशिक रोजगारीमा जाँदा इमिग्रेशनले राहदानीमा लगाएको प्रस्थान (Departure) र आगमन (Arrival) को छाप लागेको पेजको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (Bio-data/CV) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको २ प्रति फोटोको साथमा स्पष्ट पद सहित निवेदन यस गाउँपालिकामा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।


**छनौट प्रक्रिया**ः प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित र अन्तरवर्ता प्रक्रियामा समावेश गरिने छ।

**दरखास्त बुझाउने कार्यालय/विधि**ः लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय।

**परिक्षा मिति**ः पछि प्रकाशन गरिनेछ।

लिखित परीक्षामा उत्तीर्ण भएकाहरुलाई मात्रै अन्य प्रक्रियामा समावेश गराइनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# महाकुम्भ स्नान

धर्म र आस्थाको अगाडि सबै कठिनाई समान्य जस्तै हुन्छ। अहिले भारतको प्रयागराजमा गंगा जमुना संगममा कुम्भ मेला चलिरहेको छ। भारतीय सञ्चार माध्यमहरुका अनुसार झण्डै ५० करोड मानिसले कुम्भ स्नान गरिसकेका छन् । कुम्भ स्नानको क्रम अझै रोकिएको छैन । महाशिवरात्री फागुन १४ गते परेको छ । त्यो दिन शाही स्नानपछि महाकुम्भको औपचारिक रुपमा समापन हुनेछ । तर त्यो दिन सम्म अझै कयौं करोड मानिस आस्थाको डुबुल्की कुम्भ संगममा लगाउने छन् । भारतको कुल जनसंख्या डेढ सय करोडको हाराहारीमा छ। त्यसको एक तिहाई जनसंख्या कुम्भमा स्नान गरिसकेको भारतको उत्तरप्रदेश राज्य सरकारको दावी छ । महाकुम्भमा भारतका अतिरिक्त नेपाल लगायत संसारभरिका हिन्दूहरुले पवित्र स्नान गरेका छन् । स्नान गर्ने क्रम अझै जारी छ। हरेक १२ वर्षमा प्रयागराजमा महाकुम्भको आयोजना गरिन्छ। हुन त ६ वर्षमा अर्धकुम्भको आयोजना गरिन्छ । अर्धकुम्भमा यतिको भीड भने हुँदैन। भारतको प्रयागराजसँगै ४ स्थानमा महाकुम्भ लाग्ने गरेको छ । प्रयागराजपति महाकुम्भमा भीड हुने हरिद्वारमा हो । उत्तराखण्डको हरिद्वारमा आयोजना हुने कुम्भमा पनि ठूलो भीड लाग्ने गरेको छ । नासिकमा पनि कुम्भको आयोजना गरिन्छ । त्यहाँ पनि भीड हुन्छ । तर प्रयागराज जतिको भीड अन्य महाकुम्भमा सम्भवतः हुने छैन । महाकुम्भको विषयमा उत्तरप्रदेश सरकारले गरेको प्रचार अत्यन्त सकारात्मक सन्देश दिएको छ । महाकुम्भमा भीड बढाउन उत्तरप्रदेश सरकारको योजना सफल भएकोछ । ग्रह, नक्षत्र अनुसार १ सय ४४ वर्ष अर्थात १२ वटा महाकुम्भको आयोजनपछि यस वर्ष त्यो साइत जुडेको छ । महाकुम्भमा देखिएको भीडले सनातन धर्मावलम्बीहरुमा आस्था फेरी बढेको देखिन्छ । महाकुम्भमा स्नानगर्दा हुने पवित्रताप्रतिको विश्वास अनपेक्षित रुपमा बढेको छ । महाकुम्भमा हिन्दूहरुको भीडले धार्मिक आस्थासँगै एकबद्धपनि गराएको छ। हिन्दूहरुमा अब धार्मिक एकता निकै बढेको भारतको नयाँदिल्लीमा हालै सम्म विधान सभाको चुनाव परिणामले समेत पुष्टि गरेको छ। महाकुम्भको आयोजनाको क्रममा ४० करोड मानिसले स्नान गर्ने अपेक्षा गरिएको थियो। तर त्यस भन्दा १० करोड बढी श्रद्धालुहरुले आस्थाको डुबुल्की लगाइसकेका छन् । स्नान गर्न जाने क्रम अझै रोकिएको छैन् । महाकुम्भ सम्पन्न भएपनि अब प्रयागराज संगममा हरेक दिन श्रद्धालुहरुको भीड रहिरहनेछ ।महाकुम्भले अयोध्या र बनारसलाई समेत जोडेको छ। महाकुम्भको भव्य आयोजनले उत्तरप्रदेशको पर्यटन प्रवर्द्धनमा ठूलो उपलब्धि भएको छ। हुन त यसबाट योगी सरकारले राजनीतिक रुपमा समेत महत्वपूर्ण उपलब्धि हासिल गरेको छ।

# भारतीय काँग्रेसको जनाधार विलुप्त हुने खतरा




प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

महात्मा गान्धीको छत्रछायामा भारतको स्वतन्त्रता सङ्घर्षमा अमूल्य भूमिका निर्वाह गरेका भारतीय राष्ट्रिय काँग्रेस पार्टी जनाधार गुमाउँदै गइरहेको छ । लगातार ६ दसकसम्म एकछत्र शासन गरेका पार्टी अव, मात्र दुई प्रदेशमा सरकारको नेतृत्वमा छ। जवाहरलाल नेहरु, सरदार बल्लभभाइ पटेल, डा. राजेन्द्रप्रसाद, लालबहादुर शास्त्री, श्रीमती इन्दिरा गान्धीजस्ता नेताले आर्थिक अवस्थामा सुधारका साथै सशक्त भारत बनाउनमा महत्वपूर्ण योगदान गरेका थिए । सो पार्टी विगत दुई दसकदेखि क्षेत्रीय पार्टीको सहयोग पाएर येनकेन प्रकारेन पार्टीको अस्तित्व जोगाउन सङ्घर्षरत छन् । सन् २०१४देखि नरेन्द्र मोदीको लहरमा काँग्रेस चेपुवामा परेको देखिन्छ । नरेन्द्र मोदीले काँग्रेस मुक्त भारतको नारा दिँदै आएका छन् । यदि, विहार, उत्तरप्रदेश, महाराष्ट्र,काश्मिर, झारखण्डमा क्षेत्रीय दलसँग तालमेल गरेन् भने काँग्रेसको हविगत दिल्ली विधानसभाको चुनावी परिणामजस्तै अवस्था निम्त्ने खतरा छ। ति प्रदेशहरुमा विधानसभा र लोकसभाको सिट दोहोरो अङ्कपनि हुने पुऱ्याउन मुश्किल पर्ने सम्भावना देखिन्छ। भारतीय जनता पार्टीलाई 'हिन्दु पार्टी' भनेर लखेटन खोज्ने काँग्रेस आफ्नो खुट्टामा हिँडाई विर्सेको हो कि ? काँग्रेस नेता राहुल गान्धीले पार्टीको मूलभुत सिद्धान्तको सट्टा भाजपालाई घेर्ने प्रयासमा जातिगत जनगणना, मुश्लिम र दलित मतदातालाई रिझाउनु राजनीतिक सोच उचित हो। तर, हिन्दुका कथित उच्च जातिको मतलाई आफूतिर तान्नका लागि सो समुदायको पीडित व्यक्तिको पक्षमा पनि आवाज उठाउनुपर्नेमा कतै न कतै चुकेको देखिएको छ। राजनीतिको लाभ हानी देखेर प्रतिक्रिया दिँदा पीडितपक्ष मारमा परेको अनेकौं घटना देखिएको छ । त्यसकारण, बहुसङ्ख्यक हिन्दुले काँग्रेसमाथि पत्याउन छोडेको देखिन्छ।

सन् १९४७ मा भारत विट्रिसको उपनिवेशबाट मुक्त भएपछि पण्डित जवाहरलाल नेहरु स्वतन्त्र भारतको प्रथम प्रधानमन्त्री भएका थिए। उनले सोह्र बर्ष दुई महिना सरकारको नेतृत्व गरेका थिए। नेहरु सवैभन्दा बढी समयसम्म प्रधानमन्त्री रहेका हुन् । त्यसपछि, उनकै छोरी श्रीमती इन्दिरा गान्धीले दुईपटक गरी पन्द्रह बर्षसम्म प्रधानमन्त्री पदमा आसिन रहिन्। करिव ६ दसकसम्म भारतमा काँग्रेसकै नेतृत्वको सरकार रह्यो । सन् १९८९देखि काँग्रेसको जनाधारमा विचलन आएको देखिन्छ। सन् २०१४ देखि काँग्रेस ओरालोतर्फ लागेको छ । सत्तर बर्षसम्म अधिकांस राज्यमा काँग्रेसकै मुख्यमन्त्री हुन्थ्यो । अहिले हिमाचल र कर्णाटकमा मात्र आफ्नो नेतृत्वमा सरकार बनाउन सकेको छ। झारखण्ड र तेलङ्गानामा सरकारको सहयोगी दलको भूमिकामा छन् । भारतको राजधानी दिल्लीमा भर्खरै विधानसभाको निर्वाचन सम्पन्न भयो । लगातार एघारह बर्षसम्म नेतृत्व गरेको आम आदमी पार्टीको भारी पराजय भएको छ। सत्ताइस बर्षपछि भारतीय जनता पार्टी पूर्ण बहुमतको सरकार बनाउने तयारीमा जुटेको छ। काँग्रेस आफ्नै वलमा ७० वटै सिटमा चुनाव लडेका थिए । सोमध्ये ६७ उम्मेद्वारको जमानत जफत हुनु भनेको पार्टीमाथि मुश्लिम समुदायको पहिलो रोजाईमा काँग्रेस नरहेको पुष्टि हुन्छ। अनेकौंपटक दिल्लीमा सरकार बनाएका काँग्रेस लगातार तीनपटक विधानसभाको निर्वाचन एक सिटपनि जित्न नसक्नु भनेको काँग्रेसको लागि लाजमर्दो हो । अखिलेश यादव, तेजस्वी यादव, ममता बनर्जी, शरद पवार, उद्धव ठाकरेलगायत प्रायः भाजपाविरुद्ध दलका नेताहरु आदमी पार्टीको सहयोगमा दिल्लीको चुनावी मैदानमा उत्रेका थिए। कुनैपनि क्षेत्रीय दल काँग्रेसको पक्षमा देखिएन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले काँग्रेस परिजीवी पार्टी बनिसकेको भनेर व्यङ्ग गर्छन्।

भारतको राजनीतिलाई विश्लेषण गर्दा शुरुदेखि नै काँग्रेसको पक्षमा मुश्लिम मतदाता थियो । क्षेत्रीय पार्टीहरुले काँग्रेसको तुलनामा मुश्लिम मतदातालाई आफूतिर आकर्षित पार्नका लागि काँग्रेसभन्दा बढी सुविधा उपलब्ध गराउन थाल्यो । त्यसकारण, मुश्लिमको पहिलो रोजाई क्षेत्रीय पार्टी भयो । सो कारणले विहार, उत्तर प्रदेश, पश्चिम बङ्गाल, जम्मु-काश्मिर, केरल, झारखण्डलगायत एक दर्जनभन्दा बढी प्रदेशमा काँग्रेस आफ्नो अस्तित्वलाई जोगाउन नसकेपछि ति दलहरुको दयामायामा बाँचनुपर्ने तीत्तो सत्य हो।

जसरीपनि भाजपालाई घेर्ने राजनीतिक खेलमा स्वयं काँग्रेस चक्रब्यूँह फस्दै गयो । ति प्रदेशहरु अधिकांस सिट क्षेत्रीय दलका उम्मेद्वार हुँदा काँग्रेसका नेता र कार्यकर्ता ओझेलमा पर्दै गयो। विस्तारै विस्तारै कार्यकर्ता राजनीतिक भविष्य काँग्रेसमा सुरक्षित रहन नसक्ने देखेर अन्य पार्टीमा प्रवेश गरेको वा पार्टी खोलेको अनेकौं उदाहरण छन् । असमकै मुख्यमन्त्री हिमन्ता विश्व कर्मा काँग्रेस छोडेपछि भाजपाबाट चुनाव जितेर मुख्यमन्त्री भए। बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीपनि काँग्रेसी थिइन् । काँग्रेस पार्टीका अधिकांस चर्चित व्यक्ति छोड्दै गएकाले पार्टीको सङ्गठन कमजोर भयो। २००४देखि २०१४को निर्वाचनअघि अर्थात, दस बर्ष शासन गरेका काँग्रेस पार्टीलाई लोकसभाको ५४३ सिटमा मात्र ४४ सिट र २०१९को निर्वाचनमा ५२ सिट जित्न सफल भयो। तर, दुवैपल्ट, लोकसभाको विपक्षी दलको हैसियत पाउनबाट बञ्चित रह्यो। भारतको संविधानमा विपक्षीदलको नेताको मान्यता पाउनका लागि कमसेकम लोकसभा सिटको दस प्रतिशत सिटमा जित्नु पर्छ। ५४३ सिटमध्ये ५५ सिटमा जित्नुपर्ने थियो। २०२४को निर्वाचनमा ९९ सिटमा जित हात पारेपछि विपक्षी पार्टी बन्ने अवसर जुरेको हो। नेहरु र ईन्दिरा गान्धीको समयमा पार्टीको रणनीतिमा फेरबदलका साथै नेतृत्वमा बसेका सोनिया र राहुल गान्धीले पार्टीले जातीय समीकरण मिलाउन सकेन्। जवकि भारतमा धर्म र जातपातको अत्यधिक प्रभाव निर्वाचनमा पर्छ।



### नेहरूको रणनीति

भारतको विभाजनपछि पाकिस्तान र पूर्वी पाकिस्तानबाट एक करोडभन्दा बढी मानिस भारत आएका थिए। उनीहरु आफ्ना थातथलो छोडेर आउँदा उनको व्यवस्थापनमा सरकार जुटेको थियो। अधिकांस ति नवआगन्तुकको झुकाव काँग्रेसको पक्षमा थियो। मुश्लिमको लागि पाकिस्तान बनाइएपनि अधिकांस मुशलमान भारतमैं बस्ने ईच्छा राखे। त्यो बेलामा महात्मा गान्धी, प्रधानमन्त्री नेहरुसहित काँग्रेसका दिग्गज नेताहरु मुश्लिमको पक्षमा उत्रेका थिए। हिन्दु महासभाले मुश्लिमहरुलाई पाकिस्तान पठाउनुपर्ने अडानमा कायम थियो । काँग्रेसका नेताबाट संरक्षण पाएका कारण अधिकांस मुश्लिमहरु काँग्रेसको पक्षमा मतदान गर्ने गर्दथे । भारतमा अत्यधिक गरिवी थियो । सर्वसाधारण मानिस भारतीय कम्युनिष्ट पार्टी र सोसलिष्ट पार्टीको पक्षमा देखिन्थे । उतिखेर, भारतमा जमिन्दारको प्रभाव जनमानसमा थियो। जमिन्दारहरु प्रायः काँग्रेसको पक्षमा उत्रेका थिए । उनीहरुले कम्युनिष्टको बर्चस्व हुन नदिनका लागि काँग्रेसलाई वलियो बनाउँदै गयो । अन्ततः काँग्रेसको भोट बैङ्कको रुपमा मुश्लिम, दलित, व्यापारी र जमिन्दारहरु थिए। त्यसका साथै, नेहरुको कार्यकालमा शिक्षाका लागि विश्वविद्यालय र काँलेजको स्थापना, स्वास्थ्य क्षेत्रका लागि ठाउँ ठाउँमा अस्पताल र कृषि क्षेत्रको उत्थानका लागि नदीमा तटबन्ध बनाएर सिँचाईका व्यवस्थागर्ने लगायतका कार्यले जनजीवनमा नयाँ उत्साह थपिएको थियो । तसर्थ, काँग्रेसको पकड मजबुत बन्दै गयो।

नेहरुको मृत्युपछि सन् १ जून १९६४मा लालबहादुर शास्त्री प्रधानमन्त्री भएका थिए । उनी एक बर्ष २१६ दिन मात्र सत्तामा रह्यो । तत्कालीन सोभियत सङ्घको ताशकन्दमा उनको रहस्यमयी ढङ्गले मृत्यु भयो । शास्त्री अत्यन्त इमान्दार छविका दृढ व्यक्ति थिए। त्यसपछि, २४ मार्च १९६६मा इन्दिरा गान्धीको युग शुरु भयो । इन्दिरा गान्धीले राज्य र केन्द्रबीच पार्टीभित्रको सन्तुलन मिलाएर राख्थिन। उनको समयमा काँग्रेसको भोट बैङ्कको रुपमा मुश्लिम, दलित र ब्राह्मण थिए । राजपुत मत बाँडिएका अवस्थामा थिए। उनको समयमा क्षेत्रीय दलहरु खासगरी, दक्षिणमा आफ्नो प्रभाव देखाउन थालेको थियो। एन टी रामारावको नेतृत्वको तेलगु देशम, पञ्जावमा अकाली दल, जम्मु कश्मिरमा नेशनल पार्टीलगायतका दलहरु काँग्रेसलाई चूनौति दिने अवस्थामा पुगेको थियो । २५ जून १९७५मा इन्दिरा गान्धीले भारतमा सङ्कटकाल लगाएर विपक्षी पार्टीका नेताहरुलाई कारागारमा बन्द गरेका थिए। भारतमा अवस्था भयावह बन्दै गएपछि सन् १९७७ मा सङ्कटकाल हटाइए। त्यसपछि, निर्वाचनको बेलामा लोकनायक जयप्रकाश नारायणको पहलमा काँग्रेसका विपक्षी दलहरु मिलेर 'जनता पार्टी' गठन गरे । उक्त निर्वाचनमा काँग्रेसको पराजय भयो । जनता पार्टी बहुमत पाएपछि मोरारजी देसाई प्रधानमन्त्री बनेका थिए। पार्टीभित्र चरम गुटबन्दीको कारण मोरारजी देसाईले राजीनामा गरे। पार्टी विभाजनपछि चौंधरीचरण सिँहलाई इन्दिरा गान्धीले समर्थन दिई प्रधानमन्त्री बन्न सहयोग गरेका थिए । केही दिनमैं आफ्नो समर्थन फिर्ता लिएपछि। मध्यावधि निर्वाचन हुँदा काँग्रेस पुनः बहुमत प्राप्त गऱ्यो । सन् १९८०मा पुनः श्रीमती गान्धी प्रधानमन्त्री भइन्। जनता पार्टी विभाजनपछि राष्ट्रिय जनता दल, लोकदल र जनसङ्घ पार्टी भारतीय जनता पार्टीको रुपमा परिणत भयो। दक्षिण भारतका साथै उत्तरी भारतमा पनि क्षेत्रीय पार्टी एक सशक्त अवस्था देखिन थाल्यो। श्रीमती गान्धीको सुरक्षामा खटिएका सुरक्षाकर्मीद्वारा हत्यापछि राजीव गान्धी प्रधानमन्त्री पदमा आसिन भएका थिए। सोही बर्ष लोकसभाको निर्वाचनमा काँग्रेसले ५४३ सिटमध्ये ४०४ सिटमा जितेर विश्वलाई नै आश्चर्यचकित पारेको थियो। सन् १९८४को निर्वाचनमा भारतीय जनता पार्टीले मात्र दुई सिटमा जित पारेका थिए।

### राजीव गान्धीमाथि मुश्लिम असन्तुष्ट

सन् १९८६मा शाहबानो भारतमा राजनीतिक मुद्धा बनेको थियो । भाजपाले शाहवानो चर्चा गरेर काँग्रेसलाई घेर्ने कार्य अहिलेपनि गर्छन् । हजुरआमा भइसकेकी शाहवानोलाई पतिले तलाक दिएपछि उनले आफ्नी भरणपोषणका पति रकम दिनुपर्ने माग राखी सर्वोच्च अदालतमा मुद्धा गरिन् । सर्वोच्च अदालतले भारतीय दण्ड संहिताको धारा १२५को आधारमा तलाक (सम्बन्ध विच्छेद) पाएकी महिलालाई उनका पूर्वपतिसँग भरणपोषणका लागि रकम माग गर्न पाउने नियम मुशलमानमाथि पनि लागू हुने आदेश गऱ्यो । अदालतले सेक्सन १२५ले मुस्लिम पर्सनल लाँ कानुनमा कुनै किसिमको विवाद उत्पन्न नगर्ने कुरा उल्लेख गरेको थियो । यस विषय लिएर कट्टर मुश्लिमहरु विरोधमा उत्रेका थिए । त्यसपछि, राजीव गान्धीले नयाँ कानुन ल्याएर सर्वोच्चको फैसलालाई नै उल्टाइ दिएको थियो। मुशलमानलाई खुश पार्नका लागि राजीव संविधान संशोधन गरी सरिया कानुनलाई संविधानमाथि ल्याएको आरोप लाग्न थाल्यो । सोही समयमा अयोध्यास्थित बावरी मस्जिदको ताला खुल्नुपर्ने माग जोडदार रुपमा उठेको थियो। सो ताला खोल्नुपर्ने माग राखी ३१ जनवरी १९८६मा जिल्ला न्यायधीशसमक्ष दर्ता गरिएको अपिलमा न्यायधीश केएम पाण्डेले ताला खोल्न आदेश दिए। त्यो आदेश पाउनासाथ ताल्चा फोडेर पुजापाठ शुरु भयो। उत्तर प्रदेशमा काँग्रेसकै सरकार थियो। राजीव गान्धीको ईच्छामा उक्त ताला खोलिएको भनेर कटट्र मुश्लिमहरु विरोधमा उत्रिएपछि सन् १९८९को निर्वाचनमा काँग्रेस बहुमत पाउन सकेन्। सोही समयदेखि मुश्लिमको पहिलो रोजाई क्षेत्रीय पार्टीतर्फ भयो।

### रामजन्म भूमि विवाद

उत्तर प्रदेशको अयोध्यास्थित बाबरी मस्जिद वा रामजन्म भूमिको विवाद सन् १५२८मा मुगल शासक बाबरले राममन्दिरको अग्रभागलाई भत्काएर मस्जिद स्थापना गरेको भनेर सर्वोच्च अदालतमा मुद्धा बर्षौदेखि चलिरहेको थियो। सो भूमि भगवान रामको जन्म भूमिरहेको भनेर विश्व हिन्दु परिषद र भारतीय जनता पार्टीले भारतमा रथयात्रा निकालेका थिए । त्यो रथयात्रालाई तत्कालीन विहारका मुख्यमन्त्री लालु यादवको आदेशमा आफ्नो कब्जामा लिएर आडवानीलाई पक्राउ गऱ्यो। त्यो भाजपाको लहरको रुपमा काम गऱ्यो। भारतीय जनता पार्टीको उत्तर प्रदेशमा सरकार बनेपछि ६ दिसम्बर १९९२मा हिन्दु कारसेवकको भिडले बावरी मस्जिदलाई ध्वस्त पाऱ्यो। केन्द्रमा उतिखेर, काँग्रेसको पिवी नरसिँहा राव प्रधानमन्त्री थिए । केन्द्रको सरकारले मस्जिदलाई बचाउनका लागि प्रयास नगरेको भनेर मुश्लिमहरु आक्रोसित भएका थिए। मस्जिद भत्किएपछि भारतभर साम्प्रदायिक दङ्गा हुँदा दुई हजार व्यक्तिको ज्यान गएको थियो। मुश्लिम मतदातालाई रिझाउनका लागि सन् १९५४मा बनाइएका बक्फ बोर्डको संशोधन गरी १९९५मा असीमित अधिकार प्रदान गऱ्यो । तापनि, अधिकांस मुश्लिम मतदाताले काँग्रेसको विकल्प क्षेत्रीय पार्टीलाई जिताउन मतदान गऱ्यो । सन् १९९६मा मात्र १३ दिनका लागि भाजपाका अटलविहारी बाजपेयी प्रधानमन्त्री बनेपछि काँग्रेससहित समर्थित दललाई धेरै ठूलो झ्ड्का लागेको थियो। तेस्रोपटक १३ अक्टुबर् १९९९देखि २००४ सम्म अटलविहारी वाजपेयी जनतान्त्रिक गठबन्धन गरी प्रधानमन्त्री बनेका थिए । त्यसपछि, भाजपाविरोधी दलबीच चुनावी गठबन्धन झन कसिँलो भयो।

समग्रमा भन्नुपर्दा भारतका अधिकांस क्षेत्रीय दलहरु जातिगत राजनीतिमा केन्द्रीत भयो। उत्तर प्रदेशमा दलितका लागि काशिरामले बहुजन समाज पार्टीको स्थापना गरे। सो पार्टीकी नेतृ मायावती चारपटक मुख्यमन्त्री भइन् काँग्रेसका नेता राहुल गान्धीले मोदीले संविधान बदल्न खोजे, मुश्लिममाथि अन्याय गरेको, जातिगत जनगणना हुनुपर्नेलगायतमा विषयवस्तुलाई चुनावी मुद्धा बनाएपनि त्यसको प्रभाव खासै परेन् । लोकसभाको निर्वाचनमा अम्बेडकरले दिएको संविधानलाई फेर्न खोजेर व्यापक प्रचार गरेपछि दलितको मतलाई तान्न सफल भयो। अव, काँग्रेसलाई आफ्नो घरातल बलियो बनाउनका लागि क्षेत्रीय दलको निर्भरता हटाएर सङ्गठनतर्फ केन्द्रीत हुनुपर्छ। नत्र, मोदीले खोजेको काँग्रेस मुक्त भारत भन्ने उनको चाहना पुरा हुनेछ। 'इतिश्री'

# स्थानीय सञ्चारगृह र राससको विश्वसनीयता



रामकुमार एलन

राष्ट्रिय समाचार समिति (रासस) अब सरकारको पेटबोलीमा मात्र सीमित छैन। रासस जनताको घरदैलोको सिर्जना, उद्यम, सफलता, सम्भावना र सपनाको पनि प्रमुख 'बुलेटिन' बनिरहेको छ। यसैले उसले दिने समाचारले दूरदराजका विषयवस्तुलाई पनि क्षणभरमै संसारभर प्रसार गरिदिन्छ। सरकारी सञ्चारमाध्यम रेडियो नेपाल, गोरखापत्र र नेपाल टेलिभिजनले भन्दा अगाडि अहिले स्थानीय सञ्चारमाध्यम अझ 'अनलाइन न्युजपोर्टल'ले जनताका विषयवस्तुमा लेखेका कैयौं समाचारको अग्रभाग या पुछारमा एउटा शब्द झुन्डिन्छ, त्यो हो 'रासस ।' अर्थात् सामग्रीमा सत्यता, यथार्थता र प्रमाणीकरणसहितको राज्यको दृष्टिमा समाचार बन्ने आमनागरिकका मुखरित हुन नसकेका विषय व्यापारिक स्वार्थ राखेर समाचार नबनाउने र 'कर्पोरेट'को वकालत गर्नेहरुबाट बहिष्करणमा परेका विषय पनि राससका समाचार हुने गरेका छन्। यसैले पछिल्लो समय कर्पोरेट सञ्चारगृहका पानाहरुमा पनि जनताको समाचार देखिन थालेका छन् र त्यसमा दुई तिहाइको हिस्सा लगभग राससले ओगट्न थालेको छ। यो नै पछिल्लो समय सरकारी सञ्चारमाध्यम राससको ठूलो सफलता हो।

सरकारका मात्र कुरा गर्ने, मन्त्री, नेता, सत्ता पक्षको औपचारिक सम्बोधनलाई प्रमुख समाचार बनाउने पुरातन शैलीको समाचार उद्योगबाट राससले आफूलाई सर्लक्कै व्यावसायिक घरानाको परिष्कृत समाचार गृह बनाउने जमर्कोमा सफलता पाइरहेको छ। यसका अलावा राज्यका निकायको आधिकारिक सन्देश सञ्चारकर्ममा पनि रासस नै एकमात्र विकल्प हो। राष्ट्रिय पर्व, स्थानीय परम्परा, सम्पदा र सभ्यता अनि संस्कारसँगै उन्नति-प्रगतिका विषयमा रासस निःस्वार्थ समाचार लेखिरहेको छ।

किसानका बारीमा १६ किलोको काउली फलेका विषय अचेल कृषि पत्रकारितामा पनि नदेखिने समाचार भइरहँदा राससले जनताका अप्रकाशित यस्ता कैयौं विषयमा मारेको फड्कोले समाचार गृह चाहिँ पत्रकारविहीन बन्दैछन्। किनभने राससको बुलेटिनमा दैनिक लेख आउन थालेको छ। स्थानीय लेखक, पत्रकार, नेता, नागरिक समाजका सदस्य अचेल लेख्न छाडे, यसैले राससकै केही बढी शब्द भएका आलेख र समाचारलाई लेख बनाएर या कुनै अनलाइनका लेख तानेर पाना भरिरहँदा राससले राज्य तहबाट मुखरित हुनुपर्ने विषयमा सान्दर्भिक लेख प्रसार गर्न थालेपछि लेखकहरु राससप्रति आकर्षित भएर लेख्न थालेका छन्भने स्थानीय अखबारहरुको 'लेखकीय अनिकाल'मा रासस रामबाण बनेर उभिएको छ। यसैले अहिले स्थानीय सञ्चारगृहमा राष्ट्रियस्तरका लेखक उदाएका छन्। यसले गरेको महत्वपूर्ण काम हो, कुनै अनलाइनका रुचि र स्वार्थमा लेख्न लगाइएका लुकेका अदृश्य सन्देश प्रसार अब मोफसल या स्थानीय सञ्चारगृहमा छापिन रोकिएको छ।

पछिल्लो समय पत्रकारितामा सम्भावना कम देखेर पत्रकार पलायन भइरहेका छन्। सबैले यसै भन्ने गरेका छन्। र, पत्रकारले कम लेख्न थालेपछि पत्रकारितामाथि सामाजिक सञ्जाल हाबी भइरहेको छ। नागरिक पत्रकारिताका नाममा वैयक्तिक विषयवस्तुमा प्रहार गर्ने र त्यसबाट ' डिजिटल प्लेटफार्म'मा 'भ्युज' र रकम कमाउने विषयवस्तु पनि पत्रकारितामा जोडिन थालेको छ। जस्तोः झापाको एउटा ज्येष्ठ नागरिक र युवतीको सम्बन्धका विषयलाई बाहिर ल्याएर ठूलो विषयवस्तु बाहिर ल्याउन सफल भए झैं देखाउन खोजिएको छ। त्यसलाई पत्रकारिता मान्ने र नागरिक अचेल भिडियोमा गए, पत्रिका, अनलाइन पढ्न, रेडियो सुन्न अनि टेलिभिजन हेर्न छाडे भन्ने भाष्य निर्माण भइरहेको छ। स्थानीय वडा प्रहरी कार्यालयको मुद्दा शाखाको सामान्य वारदात हो त्यो घटना। उनीहरुको सम्बन्ध थियो-थिएन, बच्चा कसको हो, अनुसन्धानका विषय हुन्। कुनै पनि आरोप लागेका व्यक्तिको यसरी अझ ज्येष्ठ नागरिकलाई हुर्मत लिने संस्कार र प्रवृत्ति समाजमा हुर्किरहेको छ। यसलाई बेलैमा पत्रकारिताले बोल्ने र राज्यलाई यस्ता घटनाक्रमलाई अनुसन्धान गरेर हिरासत या पुर्पक्षको विषय बनाउन भनेर हामी पत्रकारले नभन्नाले, नलेख्नाले, नदेखाउनाले आज हाम्रो पत्रकारिताको हुर्मत लिइएको छ। असामाजिक र असहिष्णु बनिरहेको समाजमा यस्ता सामग्रीले एकातिर पत्रकारिता मारिरहेको छ, अर्कातिर राज्यप्रणाली, व्यवस्था र व्यक्तिका गोपनीयता कायम गरिनुपर्ने विषयलाई पनि बाहिर ल्याएर समस्या बनाइँदैछ। यस्तो अवस्थामा हामीले यो विषयलाई कसरी पस्कने, किन पस्कने र यसले नेपाली जनताको रोजिरोटी, दैनिकी, सभ्यता, संस्कार र आपराधिक मनोवृत्ति नियन्त्रणमा कसरी उचित सन्देश दिन सक्छौं भनेर पत्रकारिता नबोल्दा यस्ता कैयौं घटना वश इन्टरनेट साक्षर दुनियाँका लागि समय बिताउने सामग्रीमा सीमित छ। सरकारी सञ्चारमाध्यम राससले चाहिँ स्थानीय सञ्चारगृहमा अभाव भइरहेको समाचारको खाडल भर्न दिइरहेको सामग्रीले यस्ता विकृत सामग्रीबाट स्थानीय मिडिया बचाइरहेको छभन्दा फरक पर्दैन। जुन कर्मले स्थानीय पत्रकार पलायन भए पनि सञ्चारगृह समाचार सामग्री अभाव खेप्न विवश छैन।

पछिल्लो समय राससका समाचार राष्ट्रिय मिडिया अझ आफूलाई मूलधारका अनलाइन भन्नेहरुलाई 'मसला' नै भइरहेका छन्। उनीहरुले प्रसार गरेको विषयलाई काटकुट पारेर देशभरका रेडियोहरुले प्रमुख समाचार बनाइरहेका छन्। उसो त रासस लिने रेडियोहरु पनि बढिरहेका छन्। आफ्ना भूगोलका समाचारलाई प्राथमिकताका साथ बजाउने, प्रकाशन गर्ने र देखाउने काममा अचेल पढिएका, सुनिएका र हेरिएका समाचारमा रासस नै हाबी भइरहेको छ। राससमा स्थानीय समाचारदाताहरु औपचारिक कार्यक्रमबाट गैरहाजिरी भएर अप्रकाशित र अनौपचारिक जीवनशैली समेट्ने समाचार उत्पादन, खोजी र प्रसारमा सक्रिय भएका छन्। अहिले एक हजार शब्द लेख्ने पत्रकार समाजमा अभाव भइरहँदा राससका समाचारदाताहरुको लोभलाग्दो मेहनत देखिन्छ। यति मात्रै होइन, राससले जिल्लामा राखेका कैयौं पत्रकारहरु अरू जिल्लाबाट गएर त्यहाँ समाचार खोजेर आफूलाई समाजमा स्थापित गर्न कामयाव देखिएका छन्।

सरकारी 'जागिरे जीवन'सँग जोडिने निष्क्रियता र आलस्यपनबाट मुक्त भएर समाचारदाताहरु समाचार खोज्न थालेपछि कैयौं जिल्लाका समाचारका विषयवस्तु राष्ट्रियस्तरका सञ्चारगृहका स्थानीय प्रतिनिधिले पनि नलेखेका आउन थालेपछि स्थानीय रेडियो, पत्रिका र टेलिभिजनमा यस्ता सामग्री प्राथमिकतामा परिरहँदा जनतामा पनि राससप्रति भरोसा बढेको छ। राससलाई समाचार दिइयो भनेर धेरैतिर समाचार आउँदोरहेछ भन्ने समाजको मनोदशा बनेको छ। यो सकारात्मक पाटोलाई सक्रिय बनाउन राससले आफ्ना स्थानीय समाचारदातालाई अरू क्रियाशील बनाइरहन जरुरी देखिन्छ।

पत्रकारको अभावमा समाचारको खडेरी परिरहँदा पछिल्लो समय राससले दिन सुरु गरेको श्रव्य र दृश्य सामग्रीले पनि समाचार गृहलाई ठूलो राहत भएको छ। खोजीका समाचार, आलेख चौबिसै घण्टा प्रसार भइरहँदा रासस लिएर मात्रै पनि अनलाइन सञ्चारमाध्यमहरु सञ्चालनको वातावरण बनेको छ। समाचारदातालाई पारिश्रमिक दिन नसक्ने, लेखिएका समाचारलाई छरितोसँग काँटछाँट गर्न सम्पादक अभाव भइरहँदा राससले यसको अभाव टारिदिएको छ। भाषाशैली, सम्पादन, छरितो काँटछाँटसँगै समाचार आउनेबित्तिकै प्रसार हुने भएकाले स्थानीयस्तरका रेडियो, अनलाइन प्रभावकारी भएका छन्। उनीहरुले समाचारदाता र समाचार सम्पादकलाई पारिश्रमिक दिन नसकेर पत्रकार नियुक्त गर्न नसकिरहँदा न्यून मूल्यमा राससले समाचार प्रवाह गरिरहेको छ र राज्यको तर्फबाट एक मात्र यस्तो प्रयास भइरहेको छ कि समाचारमूलक सञ्चारगृह अब पत्रकाररहित भए पनि सञ्चालनमा समस्या छैन, समाचार अभाव खेप्नुपर्ने छैन। राससका समाचार प्रसार गरेर पनि स्थानीय सञ्चारगृह बाँच्न सक्छन्, विज्ञापनको बजार बनाउन सक्छन् र बन्द हुनु पर्दैन भन्ने सन्देश जानु सकारात्मक पाटो हो। जुन समाचारले छापा माध्यमले खेपिरहेको 'हुबहु' आरोपबाट पनि मुक्त भएको छ। राज्यले दिने सेवासुविधामा सधैं झन्झटिलो देखिने 'हुबहु' लगभग राससले विस्थापित गरेको छ। थोरै जनशक्तिबाट सञ्चारगृह चलाउन सकिन्छ भन्ने आशा सञ्चारगृहका सञ्चालका पलाएको देखिन्छ।

पछिल्लो समय राससले विभिन्न भाषाभाषीका समाचार पनि आरम्भ गरेर भाषा संरक्षणमा अर्को प्रयास गरेको छ। यसले नेपाली भाषाको एकलौटीलाई पनि विस्थापित गरेको छ। स्थानीय मातृभाषामा पनि समाचार सेवा सुरु हुँदा जनतामा घटिरहेको अखबार पढ्नेक्रम, रेडियो या टेलिभिजन हेर्ने र सुन्ने क्रमलाई बढाउन नसके पनि घट्न दिएको छैन। बिस्तारै यो क्रम बढ्ने नै छ। किनभने हरेकलाई आफ्नो भाषाको मोह छ। आफ्ना समाचार आफ्नै भाषामा आउँदा पक्कै पनि उनीहरुलाई मातृभाषाको मोहले तानिरहेको छ। राससले मैथिली भाषामा समाचार दिन थालेपछि हामीले केही दिन यसलाई एक पेज दिएर परीक्षण गरेर हेरेका थियौं। यसको सन्देश सकारात्मक आयो। बरु पाठकहरुले भन्न थाले, 'राष्ट्रिय समाचारलाई अनुवादबाट मुक्त गरेर मैथिली भाषामै 'सुकुमार सामग्री' पढ्न पाए कति आनन्द आउँथ्यो !' यसको सन्देश हो, अब मातृभाषामा समाचार लेख्ने काम पनि जरुरी हुँदैछ, अनुवाद गरेर मात्रै मातृभाषाका समाचारले पाठक, श्रोता, दर्शक सन्तुष्ट छैनन्। यो काममा बृहत् सम्पादन कक्ष, समाचारदाताको गृह र समाचार सम्पादकहरु भएको राष्ट्रियस्तरको सरकारी सञ्चारमाध्यम रासस नै अघि बढ्नुपर्ने देखिन्छ।

राससले पछिल्लो समय स्थानीय सञ्चारमाध्यमलाई न्यून मूल्यमा यथेष्ट सामग्रीको छापा, श्रव्य, दृश्य सामग्री उपलब्ध गराइदिएपछि सञ्चारकर्मीविहीन सञ्चारगृहले प्राणवायुकै महसुस गरेका छन्।

# परराष्ट्रमन्त्री डा देउवा र कतारका मन्त्रीबीच भेटवार्ता



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवासँग कतारका विदेशराज्यमन्त्री सुल्तान बिन साद बिन सुल्तान अल मुराइखीले आइतबार ओमनको राजधानी मस्कटमा शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।


आठौँ हिन्द महासागरीय सम्मेलनमा सहभागिताका लागि ओमनको मस्कटमा रहनुभएका उहाँहरुबीच आइतबार साइडलाइन भेट भएको हो । सो भेटका क्रममा उहाँहरुबीच नेपाल कतारबीचको सम्बन्ध, द्विपक्षीय हित र पारस्पारिक लाभका विविध विषयका साथै कतारमा नेपाली विद्यार्थीलाई छात्रवृत्ति तथा दक्ष प्राविधिक जनशक्तिलगायतका विषयमा कुराकानी भएको थियो ।

त्यसअवसरमा मन्त्री डा देउवाले हमास समूहको नियन्त्रणमा रहेका नेपाली युवा विपिन जोशीको रिहाइका लागि सहयोग गरिदिन मन्त्री मुराइखीसँग आग्रह गर्नुभएको थियो । मन्त्री डा देउवाले इजरायल सरकार र हमासका बीचमा मध्यस्थता गरी युद्धविराम र शान्ति वार्ताका लागि कतार सरकारले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्दै हमासको नियन्त्रणमा रहेका विपिनको रिहाइका लागि विशेष पहल गरिदिन आग्रह गर्नुभएको थियो ।

केही समय अघि पनि मन्त्री डा देउवाले कतारका विदेश राज्यमन्त्री डा मोहम्मद बिन अब्दुलाजिज अल(खुलाइफीसँग फोनवार्ता गरी सोही आग्रह गर्नुभएको थियो । खुलाइफी इजरायल सरकार र हमासबीचको शान्तिवार्ताका प्रमुख वार्ताकार एवं मध्यस्थकर्ता हुनुहुन्छ ।

विपिनको रिहाइका लागि नेपाल सरकारले गत वर्षदेखि नै कूटनीतिक प्रयास जारी राखेको छ । मन्त्री डा देउवाले संयुक्त राष्ट्रसङ्घ, अन्तरराष्ट्रिय एवं क्षेत्रीय मञ्चहरु र बैठकमार्फत विपिनको रिहाइका लागि आग्रह गर्दै आउनुभएको छ । सन् २०२३ को अक्टोबरमा इजरायली भूमिमा आक्रमण गरी हमास समूहले विपिनलाई अपहरण गरी लगेका थिए ।रासस

# राष्ट्रिय गौरवका आयोजना समयमा सम्पन्न गर्न सरकार गम्भीर छः प्रधानमन्त्री



"मेरो नेतृत्वमा सरकार गठन भएपछि यी आयोजनाहरू समयमै सम्पन्न गर्न तथा निर्माण व्यवसायीको भुक्तानीको समस्या समाधान गर्न मैले सुरुदेखि नै पहल गरिरहेको छु"

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय गौरव र राष्ट्रिय प्राथमिकताका ठूला आयोजना समयमा सम्पन्न गर्न सरकार गम्भीर रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरुको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले सिक्टा सिँचाइ र बबई सिँचाइ आयोजना लगायतका राष्ट्रिय गौरव र राष्ट्रिय प्राथमिकताका ठूला आयोजना समयमा सम्पन्न गर्ने विषयमा आफू गम्भीर र संवेदनशील रहेको बताउनुभएको हो ।

"मेरो नेतृत्वमा सरकार गठन भएपछि यी आयोजनाहरू समयमै सम्पन्न गर्न तथा निर्माण व्यवसायीको भुक्तानीको समस्या समाधान गर्न मैले सुरुदेखि नै पहल गरिरहेको छु", उहाँले भन्नुभयो, "आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा भुक्तानी गर्न बाँकी दायित्वमध्ये हालसम्म रु २२ अर्ब ४३ करोड ३६ लाख भुक्तानी भइसकेको छ ।"

प्रधानमन्त्रीका अनुसार राष्ट्रिय परियोजनाका लागि स्रोतको समस्या आउन नदिन सम्बन्धित मन्त्रालयलाई बजेट तर्जुमाका लागि प्रदान गरिएको बजेट 'सिलिङ'बाट त्यस्ता आयोजनाका लागि सो आर्थिक वर्षमा आवश्यक पर्ने रकम विनियोजन गरी 'इयरमार्क' गरेपछि मात्र अन्य आयोजना तथा कार्यक्रममा बजेट छुट्याउने गरी नीतिगत प्रबन्ध गरिएको छ ।

प्रधानमन्त्रीले नयाँ बहुवर्षीय आयोजनाका लागि स्रोत सुनिश्चित गर्दा विस्तृत आयोजना प्रतिवेदन 'इन्जिनियरिङ डिजाइन' स्वीकृत, वातावरणीय मूल्याङ्कनसम्बन्धी परीक्षण सम्पन्न, जग्गा प्राप्तिको प्रक्रिया टुङ्गिएको, 'साइट क्लियरेन्स', मध्यकालीन खर्च संरचनामा समावेश तथा खरिद गुरुयोजना तथा कार्यान्वयन योजना स्वीकृत भएको आयोजनाको कार्यान्वयन आवश्यक र औचित्यपूर्ण देखिएमा स्रोतको उपलब्धताका आधारमा मात्र स्रोत सहमति दिने कानुनी व्यवस्था गरिएको जानकारी दिनुभयो ।

प्रधानमन्त्री ओलीले राष्ट्रिय गौरवका आयोजना तथा अन्य ठूला राष्ट्रिय परियोजनाका लागि स्रोतको अभाव हुन नदिन सम्बन्धित मन्त्रालयको लागि विनियोजित बजेटमध्ये कुनै कार्यक्रम सञ्चालन हुन नसक्ने वा कुनै शीर्षकमा विनियोजित बजेटमध्ये केही वा पूरै बचत हुने भएमा रकमान्तरमार्फत त्यस्ता महत्वपूर्ण आयोजनाका लागि बजेट व्यवस्थापन गर्ने अर्थ मन्त्रालयले नीतिगत तथा प्रक्रियागत सहजीकरण गर्ने गरिएको जानकारी दिनुभयो ।

उहाँले बहुवर्षीय आयोजनाका लागि स्रोत सहमति दिँदा आयोजना सम्पन्न हुने अवधि किटान गर्ने गरिएको उल्लेख गर्दै ठूला राष्ट्रिय परियोजनाको नियमित अनुगमन गरी भौतिक तथा वित्तीय प्रगतिको आधारमा आवश्यक बजेट व्यवस्थापन गर्ने गरिएको बताउनुभयो ।

विकासको ढाँचा, गति र संस्कृतिमा सुधार गर्न राष्ट्रिय योजना आयोग एवं सरोकार भएका अन्य मन्त्रालयसँग परामर्श गरी आयोजना तर्जुमाको खाका (प्रजेक्ट प्लानिङ टेम्प्लेट) स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको जानकारी दिनुभयो । यसबाट सीमित स्रोत साधनको कुशल प्रयोग गरी परियोजनाहरू समयमै प्रभावकारी रुपमा सम्पन्न हुनेमा प्रधानमन्त्री ओलीले विश्वास व्यक्त गर्नुभयो ।

उहाँले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको 'एक्सन रुम'बाट आफूले आयोजनाहरूको अनुगमन गरी तिनलाई समयमै सम्पन्न गर्न सहजीकरण गर्दै आएको बताउनुभयो ।

### विदेशी मुद्रा अपचलन गरेको भेटिए कारबाही हुन्छ

प्रधानमन्त्री केपी शर्मा ओलीले गैरकानुनी तवरबाट विदेशी मुद्रा अपचलन गरेको पाइए कानुनबमोजिम कारबाही हुने बताउनुभएको छ । प्रतिनिभिसभाको आइतबारको बैठकमा सांसदहरुले सोधेका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री ओलीले विदेशी विनिमय नियमित गर्ने ऐन, २०२१ अनुसार कानुनी कारबाही हुने स्पष्ट गर्नुभएको हो ।

उहाँले सूचना प्रविधिका क्षेत्रमा लगानी आदान-प्रदान भने हुनसक्ने गरी प्रबन्ध गरिएको जनाउनुभयो । "कसैले विदेशमा कुनै किसिमको सेक्युरिटी, विदेशी फर्मको साझेदारी, विदेशी बैङ्कमा खाता, विदेशस्थित घरजग्गामा लगानी गर्न नपाउने व्यवस्थाले उक्त कार्यलाई निषेध गरेकै अवस्था छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपालको संविधानको धारा २५ मा सम्पत्तिको हकअन्तर्गत प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ भन्ने विषय समावेश गरिएकामा जग्गाको हदबन्दीको व्यवस्था र प्रगतिशील कर प्रणाली अवलम्बन गरिएबाट सम्पत्तिको सीमाङ्कनको प्रबन्ध भएकै छ ।"

प्रधानमन्त्री ओलीले नेपालको संविधानले आधारभूत तहसम्मको विद्यालय शिक्षा निःशुल्क र अनिवार्य एवं माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेबमोजिम कार्यान्वयन भइरहेको र स्रोतसाधनले भ्याएसम्म भविष्यमा विश्वविद्यालय शिक्षा निःशुल्क गर्न सकिने जनाउनुभयो ।

नेपालको संविधानको धारा, १६ मा रहेको सम्मानपूर्वक बाँच्न पाउने हकमा कसैलाई पनि मृत्युदण्डको सजाय दिनेगरी कानुन नबनाइने कुरा उल्लेख भएको र मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो स्वेच्छिक 'प्रोटोकल'को नेपाल पक्षराष्ट्र रहेको हुँदा भ्रष्टाचारीलाई मृत्युदण्ड गर्ने कानुनी व्यवस्था गर्न नमिल्ने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले संविधानको प्रस्तावनामा मुलुकको सामाजिक आर्थिक रुपान्तरणसहितको समावेशी, न्यायपूर्ण समतामूलक एवं लोककल्याणकारी तथा समाजवादोन्मुख अर्थतन्त्र भएको राज्य हुने व्यवस्था उल्लेख गरेको र प्रस्तावनाको यही भावनाअनुसार विभिन्न मौलिक हकहरूको व्यवस्था गरिएको जनाउँदै संविधानको धारा, ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको बताउनुभयो ।

उच्च आर्थिक वृद्धि, न्यायपूर्ण वितरण एवं विकासमा सबैको समान पहुँचमार्फत समाजवादोन्मुख अर्थतन्त्रमा पुग्न सकिने विषयलाई केन्द्रविन्दुमा राख्दै 'समृद्ध नेपाल सुखी नेपाली'को अवधारणालाई कार्यान्वयनमा लैजान वर्तमान सरकार प्रतिबद्ध रहेको बताउँदै समाजवादलाई मूर्तरुप दिन सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरू प्रयोगमा ल्याएको बताउनुभयो ।

सामाजिक सुरक्षालाई सफल र प्रभावकारी बनाउन मानिसको जीवन चक्रका सबै चरणमा आइपर्ने जोखिम व्यवस्थापन गर्न महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, मजदुर एवं पिछडिएको क्षेत्रलाई राहत पुग्नेगरी सामाजिक सुरक्षाका योजनाहरू सञ्चालनमा ल्याइएको छ । सामाजिक सुरक्षा कोषलाई पनि सामाजिक सुरक्षाको महत्वपूर्ण संयन्त्रका रुपमा विकास गरिएको प्रधानमन्त्री ओलीले जानकारी गराउनुभयो ।

### मुलुकमा लगानीको वातावरण निर्माण गरी रोजगारी सिर्जना हुँदैछ

प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा लगानीको वातावरण निर्माण गरी रोजगारी सिर्जना गर्न कानुनी तथा संस्थागत सुधारको लागि सरकारले निरन्तर काम गरिरहेको बताउनुभएको छ ।

प्रतिनिभिसभाको आइतबारको बैठकमा सांसद्हरुले सोधेका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री ओलीले बेरोजगार युवालाई रोजगारीको अवसर प्रदान गर्न उत्पादन, उत्पादकत्व र रोजगारी अभिवृद्धि हुने खालका कार्यक्रमलाई प्राथमिकता दिई सोही बमोजिम सबै काम अगाडि बढाइएको बताउनुभयो ।

"देशभित्र रोजगारीका अवसर सिर्जना गर्नका लागि स्टार्टअप उद्यमलाई रु २५ लाखसम्मको सहुलियतपूर्ण कर्जा प्रदान गरिरहेको छ । चालु आर्थिक वर्षमा यस कार्यक्रमबाट एक हजार जनाले सहुलियतपूर्ण कर्जा प्राप्त गर्नेगरी काम गरिरहेका छन्", प्रधानमन्त्री ओलीले भन्नुभयो ।रासस

# विस्फोटपछि घाइते मन्त्री र प्रमुखको शीघ्र स्वास्थ्यलाभको कामना

काठमाण्डु । सांसदहरुले बेलुन विस्फोटपछि घाइते हुनुभएका उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेल र पोखरा महानगरका प्रमुख धनराज आचार्यको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ । प्रतिनिधिसभाको आइतबारको बैठकको शून्य समयमा उहाँहरुले शनिबार पोखरामा पर्यटनसँग सम्बन्धित कार्यक्रममा बेलुन विस्फोटपछि घाइते हुनुभएका उहाँहरुको स्वास्थ्य लाभको कामना गर्नुभएको हो ।



सांसदहरुले आगलागी घटनाहरुप्रति सचेतना अपनाउन, सडक एवं पुल निर्माण, सुकुम्वासी व्यवस्थापन, सामाजिक सुरक्षा कोषको अनिवार्यता, कृषिमा रुपान्तरण, चुरे दोहन, निःशुल्क प्याड वितरणदेखि रोजगार सृजनाका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद ठाकुरप्रसाद गैरे पाल्पामा सुन्तलाखेतीको सम्भावना उजागर गर्दै सुन्तला करिडोर निर्माणका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सामुदायिक वनलाई सुन्तला वनमा रुपान्तरण गर्न सुझाव प्रस्तुत गर्नुभयो।

सांसद डिगबहादुर लिम्बूले मोरङ जिल्लाको लेटाङस्थित अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न माग गर्नुभयो । सांसद डोलप्रसाद अर्यालले न्यूनतम पारिश्रमिक र प्रभावकारी सामाजिक सुरक्षाको व्यवस्थापनमा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सामाजिक सुरक्षा कोषको आबद्धता अनिवार्य र अपरिहार्य भएको बताउनुभयो ।

सांसद डा तोसिमा कार्कीले स्यानिटरी प्याडका लागि आवश्यक कच्चापदार्थ आयातमा भन्सार शुल्क घटाउन माग गर्नुभो । उहाँले भन्नुभयो, "देशभित्र बर्सेनि ३० करोड थान स्यानिटरी प्याड उत्पादन हुन्छ । तर स्वदेशी उत्पादनको क्षमतमा ९० करोड छ ।" उहाँले मुलुकका सातै प्रदेशका सरकारी विद्यालयमा वितरण भइरहेको निःशुल्क प्याड उपलब्धता र नियमनको सुझाव प्रस्तुत गर्नुभयो ।

सांसद दिक्पालकुमार शाहीले दैलेख भैरवी गाँउपालिका-१ जलजलेमा पेट्रोलियम अन्वेषणका लागि अन्य तीन ठाउँमा उत्खनन गर्न आर्थिक स्रोत जुटाउन माग गर्नुभयो । सांसद दीपकबहादुर सिंहले सिद्धबाबा र 'फास्ट ट्र्याक'को निर्माण समयमै सक्ने 'ग्यारेन्टी' सरकारले दिनुपर्ने बताउनुभयो ।

सांसद दिलेन्द्रप्रसाद बडूले दार्चुलाको मार्मा गाउँपालिका-४ मा गत वर्षको बाढीबाट विस्थापितहरुको पुनर्स्थापना र पुनर्निर्माण सुरु गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद दुर्गा राईले बाढीले क्षतिग्रस्त बिपी लोकमार्ग पुनर्निर्माणका लागि ध्यानाकर्षण गराउनुभयो । सांसद देवप्रसाद तिमल्सेनाले उद्योगमा एकाधिकार हटाउनुपर्ने माग गर्दै सिमेन्टको मूल्यवृद्धि नियन्त्रणका लागि ध्यानाकर्षण गराउनुभयो ।

सांसद देवेन्द्र पौडेलले फागुन ३ गते बागलुङको निसीखोलामा टिपर दुर्घटनामा ज्यान गुमाएका चालक कृष्ण कुमालको परिवारप्रति शोक व्यक्त गर्नुभयो । सांसद धुव्रवहादुर प्रधान हुलाकी सडकको स्तरोन्नतिलाई गति प्रदान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद नागिना यादवले चुरे संरक्षण आयोजना खारेज गर्ने बहसबारे धारणा व्यक्त गर्दै 'मोडालिटी' परिवर्तन गर्न माग गर्नुभयो । सांसद नारायणी शर्माले विस्तृत शान्ति सम्झौताको विरुद्धमा जनयुद्धलाई हिंसा भनेर अपराधीकरण गर्न नहुने राय प्रस्तुत गर्नुभयो ।

सांसद धनराज गुरुङले जलनको घटना नदोहोरिन दिन सचेत हुन आग्रह गर्नुभयो । सांसद निर्मला कोइरालाले वीरगञ्जको मुख्य सडक विस्तार अदालतमा विचाराधीन अवस्थामा हुँदा स्थानीय बासिन्दाले सास्ती भोगिरहेको बताउनुभयो । उहाँले चाँडोभन्दा चाँडो मुद्दा टुङ्गो लगाउनुपर्ने माग गर्नुभयो ।

सांसद नैनकला थापाले युवासम्बन्धी नीति तत्काल ल्याउनुपर्नेमा जोड दिनुभयो । उहाँले युवालाई स्वदेशमा रोजगारी उपलब्ध गराउनुपर्ने साथै सार्वजनिक सेवा प्रवाहले नैराश्यता थपेकोतर्फ ध्यानाकर्षण गराउनुभयो । सांसद पूर्णबहादुरघर्तिमगरलेअन्तरसरकारी वित्त व्यवस्थापन ऐनअनुसार तीन तहका सरकाले आम्दानीको बाँडफाँट गर्ने व्यवस्था भए पनि स्थानीय तहले २० वर्षदेखि सथनीय तहले कुनै रकम प्राप्त गर्न नसकेको बताउनुभयो । उहाँले अधिकार र आम्दानीको उचित वितरण र शिकार आरक्षणको पुनः सीमाङ्कन गर्न माग गर्नुभयो ।

सांसद प्रतीक्षा तिवारीले सङ्क्रमणकालीन न्यायको टुङ्गो लाग्नुपर्ने बताउनुभयो । सांसद प्रभु हजाराले भौतिक मन्त्रालय र सिँचाइ मन्त्रालयको ध्यानाकर्षण गराउदै पर्सा जिल्लाको गण्डक नहरका पुलहरु जीर्ण अवस्थामा रहेकोतर्फ ध्यानाकर्षण गराउनुभयो । सांसद प्रेमबहादुर आलेले डोटी जिल्लाअन्तर्गतको सडक र पुल निर्माणलाई तीव्रता दिन माग गर्नुभयो ।

सांसद प्रेम सुवालले काठमाडौँ उपत्यका प्रदूषित भएको भन्दै रूखबिरुवा रोप्न प्रोत्साहन गर्न माग गर्नुभयो । सांसद वर्षमान पुनले घोराहीको सडक कालोपत्र गर्नका लागि तत्काल ठेक्का लगाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो । सांसद विनिता कठायतले आगलागीको घटनामा भिआइपीका र नागरिकलाई गर्ने उद्धारमा विभेद भएको बताउनुभयो ।

शून्य समयमा सांसदहरु दीपा शर्मा, दामोदर पौडेल बैरागी, तारा लामा तामाङ, प्रेमबहादुर महर्जन, विमला सुवेदी र प्रतिमा गौतमले जनसरोकारको विषयमा सभामुखमार्र्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।रासस

# सांसद शाहीको अभिव्यक्तिप्रति राष्ट्रियसभाका सांसदको आपत्ति




काठमाण्डु । राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरूले प्रतिनिधिसभाका सांसद ज्ञानेन्द्र शाहीले सामाजिक सञ्जालमा 'राष्ट्रियसभा वृद्धाश्रम हो' भनी दिनुभएको अभिव्यक्तिप्रति आपत्ति जनाउनुभएको छ ।

आइतबारको बैठकको शून्य समयमा सांसद नारायणदत्त मिश्रले प्रतिनिधिसभाका सांसद शाहीले 'राष्ट्रियसभा वृद्धाश्रम भएको छ' भनी दिनुभएको अभिव्यक्तिप्रति आपत्ति जनाउनुभयो । "राष्ट्रियसभा नै वृद्धाश्रम भएपछि कसको के नै लाग्छ र ? भनेर सामाजिक सञ्जालमा अभिव्यक्ति दिनु आपत्तिजनक छ, भत्ता खान गएका राष्ट्रियसभाका सांसदले ' मिडिया काउन्सिल विधेयक' नपढीकन पास गरेछन् भन्ने भनाइप्रति आपत्ति छ", उहाँले भन्नुभयो ।

सांसद जयन्तीदेवी राईले सांसद शाहीले 'राष्ट्रियसभालाई वृद्धाआश्रम र केही दिनको पाहुना' भनी अभिव्यक्ति दिनुभएको भन्दै आपत्ति जनाउनुभयो । "सांसद शाहीले अभिव्यक्तिले राष्ट्रियसभाको विशेष अधिकारको हनन गर्नुभएको छ, उक्त भनाइप्रति खेद प्रकट गर्दछु, राष्ट्रियसभाले खेद प्रस्ताव पारित गर्नुपर्छ", उहाँले भन्नुभयो ।

सांसद जगतबहादुर पार्कीले सिङ्गो समाजलाई लज्जित बनाउनेगरी देशैभरि जातीय भेदभाव तथा छुवाछूतका घटना बढ्दै गएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले भन्नुभयो, "बैतडीको आन्द्रेगडा भन्ने ठाउँमा प्रकाश दमाईंको एउटा मात्रै घर छ, हिजो प्रकाशको आमाको निधन भएपछि शव उठाउने कोही भएनन्, दलितको शव भनेर गैरदलितले सहयोग गरेनन्, पछि कञ्चनपुरमा रहेका आफन्त गएपछि शव उठाइयो, यस्ता घटना दोहोरिन नदिन राज्य समयमा संवेदनशील बन्नुपर्छ ।"

सांसद दुर्गा गुरुङले कर्णाली प्रदेशमा जडीबुटी प्रशोधन केन्द्र सञ्चालनका लागि सरकारसँग माग गर्नुभयो । उहाँले भन्नुभयो, "कर्णाली प्रदेश भूगोलको हिसाबले सबैभन्दा ठूलो छ, हिमाली पहाडी भूभागमा पाइने जडीबुटीको यहाँ व्यावसायिकखेती गर्न सकिन्छ । जडीबुटी प्रशोधन केन्द्रको अभावमा किसानले सस्तो मूल्यमा कच्चापदार्थ बेच्नु परिरहेको छ, सम्बन्धित किसानलाई नाफा भएको छैन, सरकारसमेत राजस्व घाटा भइरहेको छ ।"

सांसद नरबहादुर विष्टले कर्णाली प्रदेशमा आगामी चैत २३ गते आयोजना गर्ने भनिएको 'दशौँ राष्ट्रिय खेलकुद' प्रतियोगिताको तयारीका बारेमा सम्बन्धित निकायले राष्ट्रियसभामा जानकारी दिनुपर्ने माग गर्नुभयो । उहाँले देशमा कालोबजारी, महँगी, भ्रष्ट्राचार बढ्दै गएको भन्दै सरकारले त्यसबारेमा अनुगमन गर्नुपर्ने माग गर्नुभयो ।रासस

# क्रेमलिनका आलोचक नाभाल्नीलाई सम्झना गरिँदै

एएफपी

मस्को ।रूसी विपक्षी नेता एलेक्सी नाभाल्नीको जेलमै मृत्यु भएको एक वर्षपछि उहाँका समर्थकले आइतबार मस्कोस्थित उहाँको समाधिस्थलमा भेला भई उहाँप्रति सम्मान प्रकट गर्ने भएका छन् । नाभाल्नीको स्मृतिमा गरिने कार्यक्रममा उहाँका रूसी प्रशंसकले प्रशासनबाट हुने प्रतिशोधको जोखिम मोलेर कार्यक्रम गर्ने बताएका छन्।

अकल्पनीय दमनका कारण निर्वासनमा उत्रेको रूसको विपक्षी आन्दोलन आन्तरिक कलहले ग्रस्त भएको र आफ्नो व्यक्तित्व गुमाएपछि नराम्ररी कमजोर भएको अवस्थामा उहाँको स्मरणमा मस्कोलगायत देशका अन्य शहरमा पनि कार्यक्रमहरू हुनेछन्। विभिन्न देशहरूमा निर्वासित रूसीहरूले भ्लादिमिर पुटिनको लामो शासनकालको बिरूद्ध लडाईलाई पुनर्जीवित गर्ने प्रयास गरेका छन् । पुटिनका मुख्य प्रतिद्वन्द्वी नाभाल्नीलाई रूसी अधिकारीहरूले 'अतिवादी' घोषणा गरेका थिए, जुन फैसला सन् २०२४ १६ फेब्रुअरीमा आर्कटिकको एक दण्डात्मक उपनिवेशमा उहाँको मृत्युभए पनि लागू छ ।

रूसमा नाभाल्नी वा उहाँको भ्रष्टाचारविराधी फाउन्डेसनलाई ' अतिवादी' घोषणा नगरी उल्लेख गर्नेलाई जरिवाना वा पटक-पटक अपराध गरेमा चार वर्षसम्म जेल सजाय हुने कानुनी प्रावधान छ ।नाभाल्नीका पूर्व शीर्ष सहयोगी लियोनिद भोल्कोभले टेलिग्राममा लेख्नुभएको छ, "एलेक्सीका समर्थकहरूले विश्वभरि नै स्मृति सभा गर्नेछन् ।"

उहाँले भन्नुभयो, "केही स्थानमा प्रदर्शन गरिनेछ भने कहीँ 'नाभाल्नी'को जीवनी र योगदान समेटिएको 'डकुमेन्ट्री' प्रदर्शन हुनेछ भने केही स्थानमा स्मृति सभा हुनेछ ।

नाभाल्नीकी विधवा युलिया नाभाल्नायाले बर्लिनमा आयोजित एक कार्यक्रमबाट आफ्ना पतिको सम्झनाका यादगार दिनहरू समर्थकमाझ अनलाइन् प्रशारणका माध्यमबाट प्रस्तुत गर्नुहुनेछ । मस्कोको बोरिसोभ्स्कोइकब्रिस्तानकोउद्घाटन गर्दै भोल्कोभले लेख्नुभएको छ, " तपाईं रूस वा विदेश जहाँसुकै हुनुहोस् तपाईले फेब्रुअरी १६ मा समान विचारधारा भएका मानिसहरूलाई भेट्नुहुनेछ र नाभाल्नीको योगदानको चर्चा गर्नुहुनेछ भन्नेमा हामी धेरै आशावादी छौं ।"

यसैबीच, रूसी प्रशासन केन्द्र क्रेमलिन समर्थक टेलिग्राम च्यानलले आफ्ना समर्थकलाई चिहानमा नजान चेतावनी दिएका छन् ।क्रेमलिन समर्थक पत्रकार दिमित्री स्मिरनोभ र अन्य च्यानलले शेयर गरेको एक पोस्टमा भनिएको छ, "जो त्यहाँ जाने योजना बनाइरहेका छन् हामी ती मानिसहरुलाई संक्षिप्त सल्लाह दिन्छौं । परिणाम अनिश्चित छ, नजानुहोस् ।"



उक्त सन्देशमा चिहानको प्रवेशद्वारमा राखिएको सेक्युरिटी क्यामेरा साइनको फोटोसहित 'बिग ब्रदर र तिनको सधैँ सतर्क आँखा' बारे चेतावनी दिइएको छापुटिनको दुई दशकभन्दा लामो शासन लम्बिने राष्ट्रपतीय निर्वाचनको एक महिनाभन्दा कम समयअघि भएको नाभाल्नीको मृत्युबारे रुसले पूर्ण व्याख्या गरेको छैन ।

आफ्नो मृत्युसम्म ४७ वर्षीय नाभाल्नीले रूसीहरूलाई क्रेमलिन नेतृत्वको विरोध गर्न आह्वान गर्नुभयो र मस्कोको युक्रेन आक्रमणको निन्दा गर्नुभयो । आफ्नो मृत्युपछि विभिन्न भाषामा प्रकाशित आफ्नो आत्मकथामा उहाँले लेख्नुभएको छ, "मैले नडराउने निर्णय गरेँ।"रूसले नभाल्नीको एन्टी करप्सन फाउन्डेसन र नाभाल्नीले स्थापना गरेका क्षेत्रीय कार्यालयलाई 'अतिवादी सङ्गठन' को संज्ञा दिएको छ ।

रूसमा चरमपन्थी भनिएको समूहमा भाग लिनेलाई छ वर्षसम्म जेल सजाय हुन सक्छ र नभाल्नीको समर्थनमा अभियान चलाउने धेरैलाई जेल हालिएको छ वा निर्वासित हुन बाध्य पारिएको छ । समर्थकहरूले नभाल्नीको फोटो वा उहाँको नामको फोटोमा लागू गरिएको चरमपन्थी सङ्गठनको 'प्रतीकहरू' सार्वजनिक रूपमा प्रदर्शन गरेबापत प्रहरी हिरासत वा जेल बस्नुपर्ने र जरिवाना वा स्टन्टको जोखिम पनि उठाएका छन्।

नाभाल्नीको सामाजिक सञ्जाल च्यानलका लागि फोटो र भिडियो सामग्री तयार पारेको आरोपमा चार जना स्वतन्त्र पत्रकारमाथि 'अतिवादी समूहमा भाग लिएको' अभियोगमा मुद्दा चलिरहेको छ ।गत महिना रूसले नाभाल्नीको सन्देश जेलबाट प्रवाह गरेको आरोपमा उग्रवादको आरोपमा वकालत गर्ने तीन जना वकिललाई केही वर्षको जेल सजाय सुनाएको थियो ।

# अन्तर्राष्ट्रिय म्याराथनमा केन्याली धावकको बर्चस्व



कास्की । देशको पर्यटकीय राजधानी पोखरामा शनिबार सम्पन्न १९औँ पोखरा अन्तर ाष्ट्रिय म्याराथनमा केन्याली धावकहरूले बर्चस्व कायम गरेका छन् ।

भूतपूर्व खेलाडी मञ्च नेपालले आयोजना गरेको म्याराथन (४२.१९५ किमी) मा केन्याली धावक विल्सन चेरियुयिटले दुई घण्टा १७ मिनेट २४ सेकेण्डमा निर्धारित दौड पूरा गरी उपाधि जितेका हुन् । उनले उपाधिसहित रु पाँच लाख पुरस्कार पाए । उनले यसअघि कायम रहेको केन्याली धावक जुलियस मुरियाली वाहोमले राखेको दुई घण्टा घण्टा १९ मिनेट ३६ सेकेण्डको रेकर्डसमेत तोडे ।

अघिल्लो संस्करणको उपाधि जितेका जुलियस दुई सेकेण्ड पछि पर्दै दुई घण्टा १७ मिनेट २६ सेकेण्डमा दौड पूरा गरी द्वितीय बने। उनले रु तीन लाख पुरस्कार पाए । अर्का केन्याली धावक ओनेसमस गिताउ जोरोगले दुई घण्टा १८ मिनेट २१ सेकेण्डमा पूरा गरी तृतीय बन्दै रु दुई लाख पुरस्कार पाएका छन् ।

म्याराथनतर्फ नेपाली धावक किरणसिंह बोगोटीले चौथो स्थान हात पारे । पाँचौँ स्थानमा नेपाली धावक निरोज भट्ट क्षेत्री आउँदा छैटौँ स्थानमा रिखुलालसिंह मगर, सातौँ स्थानमा दिनेश सिंह बोगोटी र आठौँ स्थानमा केन्याली धावक माइकल माथिया बन्न सफल रहे । उनीहरूले जनही क्रमशः नगद रु ५० हजार, रु २० हजार, रु १५ हजार र रु १० हजारका साथमा मेडल तथा प्रमाणपत्र हात पारे ।

गण्डकी प्रदेशतर्फको म्याराथनमा निरोज भट्ट क्षेत्री पहिलो बने । उनले दुई घण्टा ३८ मिनेट २२ सेकेण्डको समय लिए । त्यस्तै रिखुलाल मगर दोस्रो, दिनेशसिंह बोगोटी, तेस्रो, मीनराशी विक चौथो, अशोक बराम पाँचौँ, सनम गुरुङ छैटौँ र प्रितम गुरुङले आठौँ स्थान प्राप्त गरे । उनीहरूले क्रमशः जनही नगद रु ५० हजार, रु ३० हजार, रु २० हजार, रु १५ हजार, रु आठ हजार, रु ६ हजार र रु चार हजार प्राप्त गरे ।

पुरुष २१ किमी हाफ म्याराथनमा केन्याली धावक जोन बान्सतराले एक घण्टा ०९ मिनेट ०७ सेकेण्डको समयमा दौड पूरा गरी पहिलो बने । उनले नगद रु ७५ हजार पुरस्कार पाए । नेपाली धावक सन्तोषविक्रम विष्ट एक घण्टा नौ मिनेट ५६ सेकेण्डमा दौड पूरा गरी द्वितीय बन्दै रु ५० हजार पुरस्कार पाएका छन् ।

यसैगरी महिला हाफ म्याराथन २१ किमी दौडमा नेपाली धाविका ओलम्पियन सन्तोषी श्रेष्ठले एक घण्टा २० मिनेट ०३ सेकेण्डमा दौड पूरा गर्दै च्याम्पियन बनिन् । उनको पोखरा म्याराथनमा लगातार दोस्रो जित हो । त्यस्तै केन्याली धाविका स्वारोन जोनोटिक एक घण्टा २१ मिनेट सात सेकेण्डको समय लिँदै दोस्रो हुँदा एक घण्टा २३ मिनेट ०८ सेकेण्डमा दौड पूरा गरी पुष्पा भण्डारी तेस्रो र आश्मा विक चौथो र द्रोपताकुमारी कठायतले पाँचौँ स्थान हासिल गरिन् । उनीहरूले क्रमशः जनही नगद रु एक लाख ५० हजार, रु एक लाख, रु ७५ हजार रु १५ हजार रु पाँच हजार पुरस्कार पाए। यसअघि पोखरा रङ्गशालाबाट सुरु भएको म्याराथनको उपर्प्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले शुभारम्भ गर्नुभएको थियो ।रासस

# फ्रेड्रिक मेर्ज : जर्मन चान्सलरको पदको नजिक पुगेका कन्जरेभेटिभ

एएफपी

बर्लिन । जर्मनीको अर्को चान्सलर बन्ने अपेक्षा गरिएका फ्रेड्रिक मेर्जले आफ्नो क्रिश्चियन डेमोक्रेट पार्टीको कन्जरभेटिभ जरामा फर्केर व्यवसायलाई सहयोग गर्दै र आप्रवासनमा कडाइ गर्दै युरोपको सबैभन्दा ठूलो अर्थतन्त्रमा शासन गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

मध्यमार्गी पूर्व चान्सलर एन्जेला मर्केलको लामो समयदेखि सिडियु पार्टीको प्रतिद्वन्द्वी मेर्जले उहाँको खुला द्वार आप्रवासी नीतिको आलोचना गर्नुभएको छ र संसद्मा यस विवादास्पद मुद्दामा दक्षिणपन्थी एएफडीको समर्थन स्वीकार गरेर उहाँको आक्रोश बेहोर्नुभएको छ ।उन्सत्तरी वर्षीय कानून व्यवसायी मेर्जसँग बलियो व्यावसायिक पृष्ठभूमि छ । लगानी कोष ब्ल्याकरक र धेरै कर्पोरेट बोर्डहरूमा काम गरेर उहाँ करोडपति बन्नुभएको छ तर उहाँले कहिल्यै सरकारी नेतृत्वको पद सम्हाल्नुभएको छैन ।

यद्यपि यी जुझारु वक्ताले राजनेता जस्तो व्यक्तित्व प्रस्तुत गर्न खोज्नुभएको छ र 'अनुमानित रूपमा अप्रत्याशित' भनी बताएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग व्यवहार गर्न सक्षम भएको विश्वास व्यक्त गर्नुभएको छ ।

वामपन्थी चान्सलर ओलाफ स्कोल्जको त्रिपक्षीय गठबन्धन असफल भएको बेला विपक्षी सिडियु/सिएसयु गठबन्धनको नेताका रूपमा मेर्जले बाहिरन लागेको 'हरित-वाम' सरकारमाथि कडा आलोचना गर्नुभएको छ ।



व्यक्तिगत स्वीकृति दर न्यून भए पनि सर्वेक्षणहरूले लामो समयदेखि स्कोल्जलाई हटाउन र जर्मनीका लागि 'तीन खेर गएका वर्षहरू' भनेको अन्त्य गर्न मेर्जले बलियो दाबेदारको रूपमा घोषणा गर्नुभएको छ ।गत हप्ता संसद्मा मेर्जले स्कोल्ज र उहाँका सहयोगीहरूलाई कम्पनी दिवालिया बनाएर पनि आफ्नो सम्झौता चार वर्ष थप्न माग्ने व्यवसाय प्रबन्धकहरूसँग तुलना गर्नुभयो ।

"तपाईंलाई थाहा छ मालिकहरूले हाँस्न छोडेपछि के भन्थे ?" मेर्जले व्यङ्ग्यात्मक रूपमा सोध्नुभयो, "उनीहरूले तपाईंलाई विनम्रतापूर्वक कम्पनी छोड्न अनुरोध गर्थे । सामान्य जीवनमा यस्तै हुन्छ ।"मेर्जको चुनावी वाचा बिग्रँदो अर्थतन्त्रलाई पुनर्जीवित गर्नु र 'फेरि गर्व गर्न सकिने जर्मनी' का लागि बर्लिनको अन्तर ाष्ट्रिय भूमिका पुनर्निर्माण गर्नु रहेको छ ।

### शून्य सहनशीलता

उहाँका कडा प्रस्तावहरू मध्ये शरण खोजे पनि कागजातविहीन आप्रवासीहरूलाई जर्मन सीमाबाट रोक्ने योजना छ । यो कानूनी अधिकार हो । साथै प्रस्तावमा निर्वासनको प्रतीक्षामा रहेकाहरूलाई हिरासतमा राख्ने योजनासमेत छ ।। मेर्जले विगतमा मुस्लिम आप्रवासीका छोराहरूलाई 'साना पाशाहरू' भन्नुभएको थियो र केही युक्रेनी युद्ध शरणार्थीहरूलाई 'सामाजिक कल्याण पर्यटन' को आरोप लगाउनुभएको थियो । पछि उहाँले माफी माग्नु परेको थियो ।लामो समयदेखिको मान्यता तोड्दै अति-दक्षिणपन्थी अल्टरनेटिभ फर जर्मनी (एएफडी) को समर्थनमा आफ्नो आप्रवासन कडाइको प्रस्ताव पारित गरेपछि गत महिना मेर्जले संसद्मा ठूलो हलचल मच्चाउनुभयो र सडक प्रदर्शनको लहर ल्याउनुभयो ।

दक्षिणपन्थी मोडका अन्य सङ्केतहरूमा मेर्जले 'शून्य सहनशीलता' कानून र व्यवस्था अभियान, गाँजा वैधानिकता उल्ट्याउने, ' वोक' नीतिहरू र लैङ्गिक-संवेदनशील भाषा सीमित गर्ने र आणविक ऊर्जामा फर्कने अध्ययन गर्ने वाचा गर्नुभएको छ ।यी सबैले एएफडीबाट मतदाताहरूलाई फर्काउने मेर्जको तर्क छ ।तर यदि उहाँले जित्नुभयो भने गठबन्धन साझेदार खोज्दा सम्भवतः स्कोल्जको सोसल डेमोक्रेटसँग केही नीतिहरू नरम बनाउनु पर्ने हुनसक्छ ।

स्कोल्जले आफ्ना प्रतिद्वन्द्वीलाई ' चिडचिडाहट व्यक्ति' का रूपमा चित्रण गर्न खोज्नुभएको छ र एएफडीसँगको उहाँको सम्बन्धले एक दिन उहाँले अति-दक्षिणपन्थी पार्टीसँग शासन गर्ने सङ्केत गरेको आरोप लगाउनुभएको छ । उक्त आरोपलाई मेर्जले कडा रूपमा अस्वीकार गर्नुभएको छ ।समाचार पत्रिका डेर स्पिगेलले मेर्जलाई द्वन्द्वलाई व्यक्तिगत रूपमा लिने र कहिलेकाहीँ रिसको आवेगमा आउनुहुने बताएको छ ।

# प्रधानमन्त्री कप क्रिकेट हुने

काठमाण्डु । प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको सुदूरपश्चिम प्रदेशस्तरीय छनोट बैतडीमा हुने भएको छ ।

यही फागुन ११ गतेदेखि सुरु हुने प्रतियोगिताका खेल बैतडीको दशरथचन्द नगरपालिका-५ सुन्दरखालीमा रहेको दशरथचन्द क्रिकेट मैदानमा खेलाइने सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका सचिव लक्ष्मणदत्त भट्टले बताउनुभयो । आठ टोली सहभागी हुने प्रतियोगिताका खेल प्लेट र एलाइट गरेर दुई चरणमा हुनेछन् ।



प्लेट च्याम्पियनसिपका खेल फागुन ११ गतेदेखि र फागुन १४ देखि एलाइट कप सञ्चालन हुने छ । प्लेट च्याम्पियनसिपको उद्घाटन खेलमा फागुन ११ गते बझाङ र दार्चुला भिड्ने छन् । सोही दिन हुने अर्को खेलमा डडेल्धुरा र डोटी खेल्ने छन् ।

फागुन १२ गते पहिलो खेलमा दार्चुला र डोटी भिड्दा दोस्रोमा डडेल्धुरा र बझाङ आमनेसामने हुने छन् ।

फागुन १३ गते हुने पहिलो खेलमा दार्चुला र डडेल्धुरा प्रतिस्पर्धा गर्दा दोस्रोमा बझाङ र डोटीबीच भिडन्त हुनेछ ।

प्लेट च्याम्पियनसिपको च्याम्पियन टोली एलाइट कपका लागि छनोट हुने सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष वासुदेव जोशीले जानकारी दिनुभयो । फागुन १४ गते हुने एलाइट कपको उद्घाटन खेलमा बैतडी र अछाम भिड्ने छन् ।

फागुन १५ गते प्लेट च्याम्पियन र अछाम, फागुन १६ गते बैतडी र प्लेट च्याम्पियन, फागुन १७ गते अछाम र कञ्चनपुर, फागुन १८ गते कञ्चनपुर र प्लेट च्याम्पियन, फागुन १९ गते कैलाली र अछाम, फागुन २० गते प्लेट च्याम्पियन र कैलाली, फागुन २१ गते बैतडी र कञ्चनपुर, फागुन २२ गते कैलाली र कञ्चनपुर, फागुन २३ गते कैलाली र बैतडी खेल्ने छन् । फागुन २४ गते प्रतियोगिताको शीर्ष दुई टोलीबीच फाइनल भिडन्त हुनेछ ।

प्रदेशस्तरीय छनोट प्रतियोगिताबाट प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि सुदूरपश्चिमको टोली तयार गरिनेछ ।रासस

# रेलवे स्टेसनमा भागदौड हुँदा मृत्यु हुनेको संख्या १८ पुग्यो

एएफपी

नयाँदिल्ली । भारतको राजधानी नयाँ दिल्लीस्थित एक रेलवे स्टेसनमा शनिबार राति भएको भागदौडका क्रममा परी मृत्यु हुनेको संख्या १८ पुगेको छ ।

विश्वको सबैभन्दा ठूलो धार्मिक जमघट महाकुम्भ मेलामा जान रेल चढ्न भेला भएका धार्मिक पर्यटकबीच रेल चढ्ने क्रममा भागदौड भएको हो ।उत्तरी शहर प्रयागराजमा हुने कुम्भ मेलाले प्रत्येक १२ वर्षमा दशौँ लाख हिन्दू धर्मावलम्बीहरूलाई आकर्षित गर्दछ ।

फेब्रुअरी २६ मा समाप्त हुने उक्त कार्यक्रमका लागि रेल चढ्नका लागि भीडले सङ्घर्ष गरिरहेका बेला नयाँ दिल्लीको रेल स्टेसनमा भागदौड भएको हो । "अस्पतालमा १५ जनाको मृत्यु भएको म पुष्टि गर्न सक्छु। तिनीहरूलाई कुनै पनि देखिने चोट छैन । हाइपोक्सिया वा कुनै चोटका कारण मृत्यु भएको हुन सक्छ तर शव परीक्षणपछि मात्र यसको पुष्टि हुनेछ," नयाँ दिल्लीस्थित लोकनायक अस्पतालकी डेपुटी मेडिकल सुपरिटेन्डेन्ट डा. रितु सक्सेनाले एएफपीसँग बताउनुभयो ।

'घटनामा अन्य ११ जना घाइते भएका छन्। तीमध्ये अधिकांशको अवस्था स्थिर छ र हाडजोर्नीमा चोट लागेको छ," उहाँले भन्नुभयो । शहरको अर्को अस्पतालका एक अधिकारीलाई उद्धृत गर्दै एनडीटिभीले भागदौडमा परी थप तीन जनाको मृत्यु भएको जनाएको छ ।



मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेका छन् ।"म सन् १९८१ देखि कुल्लीको काम गर्दै आएको छु, तर मैले यसअघि यस्तो भीड कहिल्यै देखेको थिइनँ," रेलवे स्टेसनका एक पोर्टरलाई उद्धृत गर्दै 'टाइम्स अफ इन्डिया'ले लेखेको छ ।प्रयागराजका लागि छुटेको विशेष रेलको प्लेटफर्म एकाएक सारिएपछि मानिसहरु आपसमा ठोक्किन थाले र एस्केलेटर र सिँढीमा खसेका थिए।

रेलमन्त्री अश्विनी वैष्णवले दुर्घटनाको कारणबारे उच्चस्तरीय छानबिनको आदेश दिइएको बताउनुभएको छ । वैष्णवका अनुसार भक्तजनको भीड हटाउन नयाँ दिल्लीबाट थप विशेष रेल सञ्चालन भइरहेको छ ।भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भागदौडबाट आफू मर्माहत भएको बताउनुभएको छ । "शोकको यस घडीमा म आफ्ना प्रियजनहरू गुमाएका व्यक्तिहरूप्रति समवेदना व्यक्त गर्छु। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु," उहाँले लेख्नुभएको छ ।

राजधानी क्षेत्र दिल्लीका गभर्नर विनयकुमार सक्सेनाले विपद् व्यवस्थापनका कर्मचारीलाई तैनाथ गर्न भनिएको र सबै अस्पतालहरू सम्बन्धित आपतकालीन अवस्थालाई सम्बोधन गर्न तयार रहेको बताउनुभएको छ । छ हप्तासम्म चल्ने महाकुम्भ मेला हिन्दू धार्मिक क्यालेन्डरको सबैभन्दा महत्त्वपूर्णमध्येको पर्व हो । अधिकारीहरूले गत महिना देखि नै करिब ५० करोड भक्तजनले यस पर्वको अवलोकन गरिसकेको बताएका छन् ।

# युरोपले नाटोमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने स्टार्मरको भनाइ

एएफपी

लण्डन । बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले युरोपले उत्तर एटलान्टिक सन्धि सङ्गठन ' नाटोमा महत्वपूर्ण भूमिका खेल्नुपर्ने' र 'युक्रेनको भविष्य सुरक्षित गर्न' अमेरिकासँग मिलेर काम गर्नुपर्ने बताउनुभएको छ ।

सोमबार पेरिसमा हुने युरोपेली नेताहरूको अपेक्षित भेलाको पूर्वसन्ध्यामा उहाँले यस्तो टिप्पणी गर्नुभएको हो ।

यद्यपि, फ्रान्सले बैठकको पुष्टि गरेको छैन।नाम नबताउने शर्तमा एक बेलायती अधिकारीले एएफपीसँग भन्नुभयो, "यदि यो बैठक अघि बढ्यो भने स्टार्मर बैठकमा सहभागी हुनेछन् ।"एक वक्तव्यमा बेलायतका प्रधानमन्त्री स्टार्मरले भन्नुभयो, "यो हाम्रो राष्ट्रिय सुरक्षाको लागि एक पुस्तामा एक पटक गर्नुपर्ने कार्य हो ।

हामी आज विश्वको वास्तविकता र रूसबाट सामना गरिरहेको खतरासामु छौं।

उहाँले भन्नुभयो, "युरोपले नाटोमा व्यापक भूमिका खेल्नुपर्छ यो स्पष्ट छ ।

हामीले युक्रेनको भविष्य सुरक्षित गर्न र रूसबाट सामना गर्ने खतराको सामना गर्न संयुक्त राज्य अमेरिकासँग मिलेर अघि बढ्नेछौं।"वासिङ्टनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग पनि भेट्ने अपेक्षा गरिएका स्टार्मरले बेलायतले अमेरिका र युरोपलाई एकसाथ राख्नका लागि काम गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हामी नाटो गठबन्धनमा कुनै पनि विभाजनलाई हामीले सामना गरिरहेका बाह्य शत्रुहरूबाट विचलित हुन दिन सक्दैनौँ।"अमेरिकी रक्षामन्त्री पिट हेगसेथले शुक्रबार युरोपले आफ्नो रक्षा खर्च बढाउनुपर्ने चेतावनी दिएपछि स्टार्मरको यो भनाइ आएको हो।युक्रेनमा रुसको युद्ध अन्त्यका लागि कुनै पनि वार्ताको टेबुलमा आउन युरोपेली नेताहरू कोसिस गरिरहेका बेला पनि यी कदमहरू आएका हुन्।

ट्रम्पले यसै हप्तो चाँडै रूसी नेता भ्लादिमिर पुटिनलाई भेट्ने सम्भावना छ र द्वन्द्व अन्त्यको लागि वार्ता सुरु गर्न सकिन्छ भनी दिएको टिप्पणीले यथास्थितिलाई तरङ्गीत पारेको थियो । यूरोपमा अमेरिकी सहयोगीहरू युक्रेनमा कुनै पनि सम्झौतामा उनीहरूको हितलाई किनारा लगाउने चिन्ताबाट गुज्रिरहेका छन् ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की, नेटो प्रमुख मार्क रूट र अमेरिकी उपराष्ट्रपति जेडी भान्सलगायत वरिष्ठ युरोपेली अधिकारीहरू युरोप, युक्रेन र नाटोको भूमिकाका बिषयमा छलफलका लागि म्युनिखमा जुटेका छन् ।

रूटले पेरिसमा हुने प्रस्तावित बैठक 'रक्षा खर्च र योजना'मा केन्द्रित हुने बताउँदै 'जब युक्रेनबारे सम्झौता हुन्छ, युरोपले यसमा के योगदान गर्न सक्छ हामी पूर्ण स्पष्ट छौं' ।

# यस्तो छ तरकारी एवं फलफूलको मूल्यसूची



काठमाण्डु । कालीमाटी फलफूल तरकारी विकास समितिले आइतबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । आइतबार गोलभैँडा ठूलो (नेपाली) प्रतिकेजी रू ६०, गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रू ६०, गोलभैँडा सानो (तराई) प्रतिकेजी रू २५, आलु रातो प्रतिकेजी रू ३५, आलु रातो (भारतीय) प्रतिकेजी रू ३२, प्याज सुकेको (भारतीय) प्रतिकेजी रू ८०, गाजर (लोकल) प्रतिकेजी रू ३५, गाजर (तराई) प्रतिकेजी रू ३०, बन्दा (लोकल) प्रतिकेजी रू १५, बन्दा (तराई) प्रतिकेजी रू १५, बन्दा (नरिवल) प्रतिकेजी रू १५, काउली स्थानीय प्रतिकेजी रू १५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रू २०, काउली (तराई) प्रतिकेजी रू १५, मूला रातो प्रतिकेजी रू ३०, मूला सेतो (लोकल) प्रतिकेजी रू २५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रू २५, भन्टा लाम्चो प्रतिकेजी रू ३० र भन्टा डल्लो प्रतिकेजी रू ५० कायम भएको छ।

यसैगरी, मटरकोसा प्रतिकेजी रू ७०, घिउ सिमी (लोकल) प्रतिकेजी रू ४०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रू ४०, घिउ सिमी (राजमा) प्रतिकेजी रू ११०, टाटे सिमी प्रतिकेजी रू ४०, तिते करेला प्रतिकेजी रू ११०, लौका प्रतिकेजी रू ६०, घिरौला प्रतिकेजी रू १००, फर्सी पाकेको प्रतिकेजी रू ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रू १५, हरियो फर्सी (डल्लो) प्रतिकेजी रू १५, भेण्डी प्रतिकेजी रू ११०, सखरखण्ड प्रतिकेजी रू ७०, बरेला प्रतिकेजी रू ३५, पिँडालु प्रतिकेजी रू ९०, स्कूस प्रतिकेजी रू ४०, रायो साग प्रतिकेजी रू १५, पालुङ्गो साग प्रतिकेजी ४०, चमसुरको साग रू ५०, तोरीको साग प्रतिकेजी रू २५, मेथीको साग प्रतिकेजी रू ५०, प्याज हरियो प्रतिकेजी रू ३०, बकुला प्रतिकेजी रू ६०, तरूल प्रतिकेजी रू ८०, च्याउ (कन्य) प्रतिकेजी रू १२० र च्याउ (डल्ले) प्रतिकेजी रू ३५० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रू ३०, चुकुन्दर प्रतिकेजी रू ६०, सजिवन प्रतिकेजी रू १८०, रातो बन्दा प्रतिकेजी रू ६०, जिरीको साग प्रतिकेजी रू ६०, ग्याठ कोबी प्रतिकेजी रू ७०, सेलरी प्रतिकेजी रू ४००, पार्सले प्रतिकेजी रू ७००, सौफको साग प्रतिकेजी रू ६०, पुदिना प्रतिकेजी रू ४००, गान्टे मूला प्रतिकेजी रू ६०, इमली प्रतिकेजी रू १६०, तामा प्रतिकेजी रू १००, तोफु प्रतिकेजी रू १२० र गुन्द्रुक प्रतिकेजी रू ३०० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रू २३०, स्याउ (फूजी) प्रतिकेजी रू ३००, केरा (दर्जन) रू १५०, कागती प्रतिकेजी रू १६०, अनार प्रतिकेजी रू ३२०, अङ्गुर (हरियो) प्रतिकेजी रू २२०, अङ्गुर (कालो) प्रतिकेजी रू ३३०, सुन्तला (नेपाली) प्रतिकेजी रू १६०, सुन्तला (भारतीय) प्रतिकेजी रू १२०, तरबुजा (हरियो) प्रतिकेजी रू ५०, मौसम प्रतिकेजी रू १५०, जुनार प्रतिकेजी रू ११०, भुइँकटहर प्रतिगोटा रू १८०, काँक्रो (लोकल) प्रतिकेजी रू १४०, काँक्रो (हाइब्रिड) प्रतिकेजी रू ५०, रूख कटहर प्रतिकेजी रू ११०, नासपाती (चाइनिज) प्रतिकेजी रू २५०, मेवा (नेपाली) प्रतिकेजी रू ६०, मेवा (भारतीय) प्रतिकेजी रू १००, अम्बा प्रतिकेजी रू १२०, लप्सी प्रतिकेजी रू ६०, स्ट्रबेरी (भुइँऐसेलु) प्रतिकेजी रू ४१० र किबी प्रतिकेजी रू २५० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रू १२०, खुर्सानी सुकेको प्रतिकेजी रू ४००, खुर्सानी हरियो प्रतिकेजी रू ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रू ९०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रू ५०, भेडेखुर्सानी प्रतिकेजी रू ६०, लसुन हरियो प्रतिकेजी रू ६०, हरियो धनिया प्रतिकेजी रू ४०, लसुन सुकेको चाइनिज प्रतिकेजी रू ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रू ३००, छ्यापी सुकेको प्रतिकेजी रू १६०, छ्यापी हरियो प्रतिकेजी रू २५०, ताजा माछा (रहु) प्रतिकेजी रू ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रू २६०, ताजा माछा (छडी) प्रतिकेजी रू २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रू ४५०, राजा च्याउ प्रतिकेजी रू ३०० र सिताके च्याउ प्रतिकेजी रू ८०० तोकेको छ।रासस

# तरकारीखेतीबाट सात लाख आम्दानी

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-९ सिसैयाका सिद्धराज सार्कीले भाडामा जग्गा लिएर व्यावसायिक तरकारीखेती गर्दै आउनुभएको छ। दुई दशकदेखि तरकारीखेती गर्दै आउनुभएका उहाँले डेढ बिघा जग्गा भाडामा लिनुभएको छ। वर्षमा सार्कीले सात लाख बढीको तरकारी बिक्री गरी गतिलो आम्दानी लिँदै आउनुभएको छ। तरकारीखेतीको कमाइबाट चार जनाको परिवारको खर्च समेत धान्नुभएको छ।

अरुको जग्गामा बस्दै आउनुभएका सार्कीले तरकारीखेतीबाट आएको आम्दानीबाट घरबासका लागि एक कठ्ठा जग्गा खरिद गर्नुभएको छ। "तरकारीखेतीको आम्दानीको रकम खर्च गरी छोरीको बिहे गरेँ", सार्कीले भन्नुभयो, "जग्गा खरिद गर्दा लागेको ऋण तिर्न भ्याएँ, घरको पूरै खर्च तरकारीखेतीले धानिएको छ।"

तरकारीखेती नै कमाइ गर्ने एकमात्र माध्यम रहेको सार्की बताउनुहुन्छ। पहिले नदीको बगरमा सार्कीले मौसमी रूपमा तरकारीखेती गर्नुहुन्थ्यो। बगरखेती गर्दै जाँदा व्यावसायिक खेती गर्ने हिम्मत जागेको उहाँ बताउनुहुन्छ। आफन्तबाट केही रकम सापटीका रूपमा लिएर तरकारीखेती गरेको विगत सम्झिँदै सार्की भन्नुहुन्छ, "पहिलो वर्षमै गतिलो आमदानी हात लागेपछि त्यो रकम तिर्न भ्याएँ, बचेको रकम तरकारीखेतीमै लगाएर काम गर्दै गए", उहाँ भन्नुहुन्छ, "त्यसपछि पैसाका लागि कसैलाई गुहार्नुपरेको छैन।"

कृषि ज्ञान केन्द्रबाट सार्कीले व्यावसायिक तरकारीखेतीसम्बन्धी तालिम लिनुभएको छ। तालिम लिएपछि तरकारीखेती गर्ने आधुनिक तौरतरिका सिकेर उहाँ निपुण हुनुभएको छ। तरकारीमा वडामै एक्लो किसान भएकाले नगरपालिकाबाट पनि सार्कीले टनेल अनुदानमा प्राप्त गर्नुभएको छ। प्लाष्टिकको टनेलमा उहाँले तरकारी उत्पादन गर्दै आउनुभएको छ।

दुई दशक भारतमा काम गर्नुभएका सार्की तरकारीखेतीबाटै भारतको भन्दा तेब्बर बढी कमाइ हुन थालेपछि स्वदेशमा काम गर्न थालेको बताउनुहुन्छ। कृषि कार्यमा गतिलो कमाइ हुने भएकाले भारतमा रहेका छोरालाई आफूसँगै सघाउन घर बोलाउने सोच रसार्कीको छ। बाह्रै महिना तरकारीखेती गर्दै आउनुभएका उहाँको बारीमा अहिले गोँलभेडा, बन्दा, बोडी, खुर्सानी, मुला, भाण्टा, हरियो मटर लटरम्म फलेको छ।



हरियो खुर्सानीमात्र एक महिनामा रु २० हजारको बेचेको सार्की बताउनुहुन्छ। उहाँको बारीमा गोँलभेडामात्र रु ५० हजार बढीको उत्पादन भएको छ। सार्की लौका, काँक्रा, तितेकरेला, फर्सीलगायत रोप्ने तयारीमा हुनुहुन्छ। श्रीमान्श्रीमती दुवैले काम गर्न नसक्ने भएकाले तीन जना दैनिक ज्यालादारीमा कामदार राखेर काम गराउँदै आएको उहाँको भनाइ छ।रासस

# कृषि कर्ममा रमाउँदै महिला



घोराही । पछिल्लो समय सहकारी संस्थाका कारण यहाँका महिला स्वरोजगार बन्दै गएका छन् । जिल्लामा खुलेका सहकारी संस्था महिलाका लागि आम्दानीको स्रोत बन्दै गएका हुन् ।

विगतमा घरको काम र घाँसपातमा व्यस्त हुने महिला गाउँघरमा सहकारी खुलेपछि अहिले आफ्नो र परिवारका लागि रकम जम्मा गर्नुका साथै ऋण लिएर आयआर्जन गर्न थालेका छन् । बेफुर्सदिला हुन थालेका अधिकांश महिलाले रकम झिक्ने र राख्ने गर्दा सहकारी संस्था फलदायी तथा नाफामुखी बन्दै गएका छन् ।

दाङका घोराही उपमहानगरपालिका-१३ वनगाउँमा रहेको ज्यामिरे सामाजिक उद्यमी महिला सहकारी संस्थामा आबद्ध हुनुभएका घोराही-१३ बगालेका निशा रोकाले अहिले व्यावसायिक रुपमा कृषि व्यवसाय गर्दै आउनुभएको छ । सात वर्षदेखि सहकारीमा जोडिएर थोरै भए पनि बचत गर्नुपर्छ भन्ने बानीको विकास भएको किसान रोकाले बताउनुभयो ।

"संस्थामा बचत गरेको रकमले आफूलाई समस्या परेको समयमा निकालेर समस्या समाधान गर्न सकिन्छ", उहाँले भन्नुभयो । सहकारी संस्थामा मासिक रु एक हजार बचत गर्दै आएको उहाँको भनाइ छ । व्यावसायिक रुपमा कृषि व्यवसाय गर्न थालेको १२ वर्ष भएको बताउँदै उहाँले यहीबाट परिवारको जीविकोपार्जन हुँदै आएको बताउनुहुन्छ । तरकारी समयमै उत्पादन गर्न सकियो भने आम्दानी हुने उहाँको भनाइ छ।

आम्दानी धेरै हुने गरे पनि घर खर्च कटाएर मासिक ३०/३५ हजार बचत हुने बताउनुभयो । उहाँले अहिले टमाटर बिक्री गर्दै आउनुभएको छ। पछिल्लो समय टमाटरको भाउँ केही घरेको उहाँ बताउनुहुन्छ । ऋण आवश्यक परेको बेला सहकारीबाट नै लिने गरेको बताउनुभयो ।

उहाँ जस्तै सहकारीका अर्का सदस्य मनकुमारी घर्ती सहकारीमा आबद्ध भएपछि खुसी हुनुहुन्छ । आवश्यक परेको बेला सहुलियत ब्याजमा ऋण लिन पाइने उहाँ बताउनुहुन्छ। अहिले १० कठ्ठामा आलु, टमाटर, प्याज खेती गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "दुःख नगरेर कृषिमा आम्दानी हुँदैन । आफैँ खटिएर काम गर्ने हो भने राम्रो आम्दानी लिन सकिन्छ ।" २/४ रुपैँया आवश्यक परेको बेला अन्यसँग हात थाप्नुभन्दा आफैँ कृषि व्यवसाय गरेर आम्दानी राम्रो हुँदै गएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "खाली घरमा बस्नुभन्दा कृषि पेसा आम्दानीको राम्रो स्रोत रहेको छ", उहाँले कृषि पेसाबाटै मासिक रुपमा रु १०/१५ हजार बचत गर्ने गरेको बताउनुभयो । सहकारीमा जोडिएर कृषि व्यवसाय गर्नका लागि धेरै कुरा सिक्ने अवसर प्राप्त गर्दै आएको बताउनुभयो। उहाँले आफू जस्तै अन्य दिदी बहिनीलाई कुनै न कुनै पेसा व्यवसायमा जोडिन आग्रह गर्नुहुन्छ।

ज्यामिरे सामाजिक उद्यमी महिला सहकारी संस्थाका सचिव रामकली घर्तीले १२ वर्षदेखि सञ्चालनमा रहेको सहकारीमा महिला मात्रै आबद्ध हुँदै आएको बताउनुभयो। हाल संस्थामा सात सय ५० जना सदस्य हुनुहुन्छ। वडा सदस्यसमेत रहनुभएका उहाँले सहकारीका सदस्यले विभिन्न कृषिसम्बन्धी सहयोगहरु प्राप्त गर्दै आएको बताउनुभयो। सहकारीले महिलामा आपसी सद्भाव, सहकार्य, सिकाइ आदानप्रदानका कुरामा महत्वपूर्ण भूमिका खेल्दै आएको उहाँले बताउनुभयो। सहकारीबाट सहुलियतमा ऋण लगेर विभिन्न पेसा, व्यवसायमा जोडिएर स्वाभलम्वन बन्न सफल भएको उहाँ बताउनुहुन्छ।

सदस्यहरुले मासिक रु दुई सयदेखि दुई हजारसम्म बचत गर्दै आएको उहाँको भनाइ छ । संस्थामार्फत रु एक लाख ५० हजारसम्म ऋण लगानी गरेको उहाँको भनाइ छ।रासस

# यस्तो छ निर्धारित विदेशी मुद्राको विनिमयदर

काठमाण्डु। नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३८ रूपैयाँ ६२ पैसा र बिक्रीदर १३९ रूपैयाँ २२ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिदर १४५ रूपैयाँ ०७ पैसा र बिक्रीदर १४५ रूपैयाँ ७० पैसा निर्धारण गरिएको छ। यस्तै, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १७४ रूपैयाँ ४० पैसा र बिक्रीदर १७५ रूपैयाँ १५ पैसा कायम गरिएको छ। स्वीस फ्र्याङ्क एकको खरिददर १५३ रूपैयाँ ६७ पैसा र बिक्रीदर १५४ रूपैयाँ ३४ पैसा तय गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रूपैयाँ ८२ पैसा र बिक्रीदर ८८ रूपैयाँ २० पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रूपैयाँ ७१ पैसा र बिक्रीदर ९८ रूपैयाँ १४ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रूपैयाँ ३० पैसा र बिक्रीदर १०३ रूपैयाँ ७५ पैसा निर्धारण गरिएको केन्द्रीय बैंकले जनाएको छ। जापानी येन १० को खरिददर ०९ रूपैयाँ ०८ पैसा र बिक्रीदर ०९ रूपैयाँ १२ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ ०८ पैसा र बिक्रीदर १९ रूपैयाँ १६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ९६ पैसा र बिक्रीदर ३७ रूपैयाँ १२ पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ ०२ पैसा र बिक्रीदर ३८ रूपैयाँ १९ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ १२ पैसा र बिक्रीदर चार रूपैयाँ १३ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ ७४ पैसा र बिक्रीदर ३७ रूपैयाँ ९० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ २६ पैसा र बिक्री दर ३१ रूपैयाँ ३९ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ६२ पैसा र बिक्रीदर नौ रूपैयाँ ६६ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ९१ पैसा र बिक्रीदर १२ रूपैयाँ ९७ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ ४५ पैसा र बिक्री दर १९ रूपैयाँ ५३ पैसा तोकिएको छ।रासस



# महिलालाई आयआर्जनसँग जोड्न मौरीघार उपहार

ढोरपाटन । काठेखोला गाउँपालिकाले महिलालाई आयआर्जनसँग जोड्न मौरीपालन तालिमसहित घार उपलब्ध गराएको छ । घरको काममा मात्र सीमित महिलालाई सीप सिकाएर उद्यमी बनाउने उद्देश्यले तालिमसहित घार उपलब्ध गराएको हो।

काठेखोला गाउँपालिका-४ तङ्गाममा तीनदिने मौरीपालनसम्बन्धी तालिम दिएपछि महिला पनि उत्साहित भएका छन् । गाउँका २० महिलालाई उद्यमी बनाउने गरी मौरीघार उपलब्ध गराएको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो। देश समृद्ध बनाउन भौतिक र पूर्वाधारको मात्र विकास गरेर नहुने भन्दै उहाँले समावेशी विकासको आवश्यकता भएको बताउनुभयो।नागरिकलाई सीपयुक्त तालिम दिई दक्ष र आत्मनिर्भर बनाउन आफूहरू लागिरहेको अध्यक्ष थापाको भनाइ छ। गाउँमा थुप्रै सम्भावना रहेको तर सीप र दक्षता नहुँदा नागरिकलाई उत्पादनसँग जोड्न नसक्दा पछाडि परेको उहाँले बताउनुभयो।

अध्यक्ष थापाले भन्नुभयो, "अहिले धेरै जनाको रोजाइ सहरबजार छ, गाउँमा धेरै सम्भावना रहे पनि सीप नहुँदा धेरै नागरिकलाई आयआर्जनसँग जोड्न सकेका छैनौँ, काठेखोलाले अहिले पालिकाभर के-केको सम्भावना छ, खोजी गर्ने र त्यसमा आमजनतालाई दक्ष गराउने तथा उत्पादनमा लाग्ने योजना बनाएर अगाडि बढेका छौँ, अहिले मौरीपालनका लागि केही थान घार र मौरी पाल्ने तालिम दियौँ।"रासस


**Madhesh Province Government**

## Ministry of Labor and Transport

**Janakpurdham, Dhanusha, Nepal**

## Re-Invitation of Bid

**First Date of Publication: Jan 12, 2025**

**Second Date of Publication: Feb 17, 2025**

The Ministry of Physical Infrastructure Development, Janakpurdham invites open bid for the the following:

**The Procurement:**

| Contract No. | Description of Works | Minimum Average Annual Construction Turnover | Minimum Work experience of similar size and nature | Last Date of Bid Purchase | Last Date of Bid Submission/ Opening | Bid Security (NRs)/ Validity Period | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| MoLT/ Works/ NCB /01/081/82-Re | Construction of two storey steel structure administrative building of MoLT | NRs. 28200000 | Bidder must have completed or substantially completed one steel (Angle Iron) building value NRs. 11300000 | 2081/11/18 | 2081/11/19 | NRs 8,33,000.00 /120 days | NRs. 5000.00 |
| MoLT/ Works/ NCB /02/081/82-Re | Construction of two storey steel structure residential building of MoLT's Minister & Secretary | NRs. 20800000 | Bidder must have completed or substantially completed one steel (Angle Iron) building value NRs. 8400000 | 2081/11/18 | 2081/11/19 | NRs 6,13,000.00 /120 days | NRs. 5000.00 |

The bidders are requested to submit their bids through bolpatra.gov.np by the mentioned date and time.

# मनपरी बजेट निर्धारण तथा अधिकार कटौती गरेको भन्दै अध्यक्षविरुद्ध उपाध्यक्ष आन्दोलित

**मनोज माझी**

राजविराज । सप्तरीको बलान विहुल गाउँपालिकाका अध्यक्षले मनपरी ढंगले बजेट निर्धारण तथा आफुहरुको अधिकार कटौती गर्ने मनसायले विषेश गाउँसभा सम्पन्न गरेको दाबीका साथ गाउँपालिकाकी उपाध्यक्ष रेणु यादव तथा ४ जना वडाअध्यक्ष विरोधमा उत्रिएका छन् ।

उनीहरुले गत फागुन २ गते अध्यक्ष खेमचन्द्र यादवद्वारा सम्पन्न गरिएको विषेश गाउँसभा आफूहरुको अधिकार कटौती तथा मनपरी ढंगले बजेट निर्धारण गर्ने उदेश्यले गरिएको भन्दै उक्त विशेष गाउँसभा बदर गरि पुनः अर्को गाउँसभा गर्नू पर्ने मागसमेत गरेका छन् ।

यस विषयमा उपाध्यक्ष रेणु तथा ४ जना वडाध्यक्षले आइतबार पत्रकार सम्मेलनको आयोजना गरी पछिल्लो विषेश गाउँसभा बाट गरिएका निर्णयहरु न सच्याए अध्यक्ष विरुद्ध आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन् ।



एउटै दल जनमत पार्टीबाट स्थानीय तहको चुनाव जितेका अध्यक्ष खेमचन्द्र यादव र उपाध्यक्ष रेणु यादवबीचको विवादले गाउँपालिकाको कामकाज प्रभावित हुने निश्चित देखिएको छ ।

कुल ६ वटा वडा रहेको पालिकामा अहिले अध्यक्ष खेमचन्द्रको काम गर्ने शैली प्रति विमति जनाउँदै उपाध्यक्ष रेणुका साथै वडा नम्बर १ का वडाध्यक्ष राम कुमार यादव (जनमत पार्टी), वडा नं २ का वडाध्यक्ष इन्द्र देव यादव (काँग्रेस), वडा नं ४ का वडाअध्यक्ष लक्ष्मी नारायण झा (काँग्रेस) र वडा नं ६ का वडाध्यक्ष सूर्यकुमार दास (एमाले) एकै ठाउँमा उभिएका छन् ।

सो पत्रकार सम्मेलनमा उनीहरुले उपाध्यक्ष र वडाध्यक्षहरुको अधिकार सुनिश्चित हुनु पर्ने, पछिल्लो फागुन २ गते एकलौटी ढंगले गरिएको विशेष गाउँसभा बदर गरी गत असार महिनामा भएको गाउँसभाको निर्णय कार्यान्वयन हुनु पर्ने, वडा नं.३ को कार्यालयबाट विभिन्न समयमा भएको समाजिक सुरक्षा भत्ता वितरणका क्रममा देखिएको त्रुटि र अनियमितताको छनवीन हुनू पर्ने, विभिन्न शिर्षकमा मनपरी ढंगले गरिएको बजेट विनियोजन खारेज हुनु पर्ने लगायतका प्रमुख माँगहरु प्राथमिकताका साथ उठाएका छन् ।

उनीहरु विशेष गाउँसभामा बहुमत न पुगेपछि अध्यक्ष यादव घर/घर पुगी माइन्यूटमा कार्यपालिका सदस्यहरुको हस्ताक्षर गराएको जानकारी दिँदै कार्यापालिकाका बहुमत सदस्य अहिले पनि आफुहरु संग रहेको दाबी समेत गरेका छन् ।

उनीहरुले न्यायिक समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परार्मश समिति र अनुगमन समितिका संयोजक तथा गाउँसभामा निति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रमुख अधिकारीको रुपमा स्थानीय सरकार संचालन ऐनले नै उपाध्यक्षलाई संवैधानिक अधिकार प्रदान गरेको भन्दै उनको अनुपस्थितीमा एकलौटी ढंगले गरिएको विषेश गाउँसभाको निर्णयहरु कानुनी रुपमा पनि अवैध भएको जिकिर गरेका छन् ।

६ मध्ये ४ वटा वडाका वडाअध्यक्षले असहमती जनाई सकेको अवस्थामा गरिएको विषेश गाउँसभा आफुहरुलाई कुनै पनि हाल्तमा स्विकार्य नभएको उनीहरुको भनाइ छ ।

यता गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले उनीहरुको असहयोगका कारण जनताको काम र सेवा प्रभावित हुन थालेपछि आफुले ऐन कानुन बमोजिम नै गाउसभा सम्पन्न गरेको दाबी गरेका छन् ।

उनले कार्यपालिकाका बहुमत सदस्यको नाममा आफुलाई बाधा पुर्‍याउन खोजेपछि स्थानीय सरकार संचालन ऐनको परिछेद ४ को १९ नं. बुंदामा व्यवस्था भए बमोजिम गाउँसभाको एक तिहाइ सदस्यको लिखीत अनुरोधमा विधी प्रक्रिया मै टेकेर विषेश गाउँसभा सम्मपन्न गरेको जिकिर गरे ।

उपाध्यक्ष र केही वडाध्यक्ष मिलेर बहुमतको आडमा काम गर्न नदिने गरी घेराबन्दीमा पार्न खोजिएको भएपनि आफुले समेत कानुन कै आधारबाट घेराबन्दी तोडी निस्केर जनताका लागि काम गर्न सफल भएको उनले प्रतिक्रिया दिए ।

अघिल्लो दिन मात्र कार्यसम्पादनमा जिल्लामै प्रथम हुन सफल भएको सो पालिका पछिल्लो विवादका कारण साख जोगाउन मिलेर काम गर्नुपर्ने स्थानीयको भनाइ छ ।

# अनियन्त्रित डोजर र क्रसरले प्रकृति विनाश

पहाडमा चलेको अनियन्त्रित डोजर तथा तराईको चुरे क्षेत्रमा भइरहेको अवैध उत्खननका कारणले मुलुकको अन्न तथा जलको भण्डार भएको तराई मधेशमा वर्षेनी पानीको सङ्कट बढ्न थालेको बताए ।

**टुडे समाचारदाता**



जनकपुरधाम । पूर्वराष्ट्रपति डा. रामवरण यादवले अनियन्त्रित डोजर र क्रासरले गर्दा तराई मधेशको प्रकृति विनाश भइरहेको प्रति चिन्ता व्यक्त गरेका छन् ।

पहाडमा चलेको अनियन्त्रित डोजर र तराईमा अवैध रूपमा बढेको क्रसर उद्योगका कारणले प्राकृतिक विनाश दिन प्रतिदिन बढ्दै गएकोमा चिन्ता व्यक्त गरे ।

"म बनाउँछु नेपाल" भन्ने बहस कार्यक्रममा उनले प्रकृतिको दोहनका कारण मानव जीवन नै संकटमा पर्न थालेकोमा दुःख प्रकट गरे । उनले पहाडमा चलेको अनियन्त्रित डोजर तथा तराईको चुरे क्षेत्रमा भइरहेको अवैध उत्खननका कारणले मुलुकको अन्न तथा जलको भण्डार भएको तराई मधेशमा वर्षेनी पानीको सङ्कट बढ्न थालेको बताए ।

उनले यस्तै अवस्था रहेको खण्डमा अबको केही दशकपछि नेपालमा थप पानीको अभाव भएर मुलुक खाद्यान्नको संकट हुने खतरा रहेकाले चुरेको अनियन्त्रित दोहन रोकेर चुरेलाई हराभरा बनाउनेतर्फ सबैको ध्यान जान जरुरी रहेको बताए ।

मुख्यमन्त्री सतीशकुमार सिंहले मधेश प्रदेश सरकारले स्वास्थ्य तथा प्राकृतिक श्रोतको दोहनमा देखिएको अवैध क्रियाकलाप रोक्नका लागि अगाडि बढेको बताउँदै चालु आर्थिक वर्षमा सिँचाइका लागि २ अर्ब १५ करोडको टेन्डर गरिएको बताए ।

उनले यसबाट १० हजार र डेढ अर्बको स्यालो ट्यूबवेल जडानले थप ६० हजार हेक्टर क्षेत्रफलमा सिँचाइ पुग्ने बताउँदै प्रदेश सरकारले सडक सुरक्षाका लागि प्रहरीसँग सहकार्य गरेका कारणले मधेश प्रदेशमा ५० प्रतिशतले सवारी दुर्घटनामा कमी आएको दाबी गरे ।

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले राजनीतिक ठिक ठाउँमा नआएसम्म मुलुकको विकास तथा समृद्धिको यात्रा तय गर्न कठिन हुने बताए ।

डा. ओममुर्ति अनिलले मानव जीवनका लागि हावा, पानी, माटो, वायुको संरक्षण र सन्तुलन नभएको खण्डमा मानव जीवन नै सङ्कटमा पर्ने भएकाले मानवले यी चार विषयमा प्रभाव पार्ने काम गर्न नहुने बताए ।

# सुधार केन्द्रमा युवक हत्याको विरोधमा आन्दोलन



**टुडे समाचारदाता**

बारा । बाराको कलैया उपमहानगरपालिका-९ स्थित सुधार केन्द्रमा कुटपिट गरेर हत्या गरिएका युवक प्रदिप प्रसाद मण्डलका परिवार र स्थानीयवासीहरूले आइतबार विरोध प्रदर्शन गरेका छन् ।

मृतक मण्डलका परिवारजन र स्थानीयहरूले नवजन्म सुधार केन्द्रका संचालक साहेब मन्सुरलाई पक्राउ गरि कारवाहीको माग गर्दै प्रदर्शन गरेका छन् ।

विरोध प्रदर्शनपछि पीडित परिवारले बाराको जिल्ला प्रशासन कार्यालयमा पुगेर प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीलाई ज्ञापन पत्र बुझाएका थिए ।

सो ज्ञापन पत्रमार्फत पीडित परिवारले सुधार केन्द्रका संचालक साहेब मन्सुरलाई पक्राउ गरी कारबाही गर्नुपर्ने माग राखेका छन् । उनीहरूले भने, 'प्रहरीले अभियुक्तहरुलाई पक्राउ गरेको भएपनि संचालक मन्सुरलाई अझै पक्राउ गरिएको छैन । उनलाई पनि छानबिनमा ल्याएर कारवाही गर्नुपर्छ ।'

बारा प्रहरीका एसपी सन्तोष तामाङले भने, ' प्रहरीले सबै अभियुक्तलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको छ। घटनामा संलग्न सबैलाई कानुनी कारवाही गरिनेछ। सिसिटिभी फुटेज र अन्य प्रमाणहरूलाई ध्यानमा राखेर अनुसन्धान भइरहेको छ।'

एसपी तामाङले केन्द्रका संचालक मन्सुर घटनास्थलमा उपस्थित नभएको बताएका छन् । यद्यपि उनको सम्पर्कमा काम भइरहेको पनि जानकारी दिए । उनले घटनाको अनुसन्धानमा तीव्रता ल्याउने र दोषीलाई कानूनी कारवाही गर्ने प्रतिवद्धता जनाए ।

गत बिहीबार राति कलैया उपमहानगरपालिका-९ स्थित रामपुरका युवक प्रदिप प्रसाद मण्डलको सुधार केन्द्रमा कुटपिट गरी हत्या गरिएको थियो । सात जनालाई हत्या आरोपमा प्रहरीले पक्राउ गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको छ ।

सांसद रामबाबु कुमार यादवले पीडित परिवारसँग भेटघाट गर्दै हत्यामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याई कारबाही गर्न माग गरेका छन् ।

# सशस्त्रका एसपी हुमागाईंको उपलब्धि



**टुडे समाचारदाता**

रौतहट । रौतहटका एसपी बिक्रम हुमागाईंको सशस्त्र प्रहरी बल नम्बर ११ गण हेडक्वाटर रौतहटको प्रमुखको रूपमा कार्यकाल सफल भएको जिल्लाबासीले अनुभूति गरेका छन् भने चौतर्फी उपलब्धी देखिएको छ ।

एसपी हुमागाईंको एक वर्षे कार्यकालमा अवैध सामान बरामद, हुण्डी कारोबारी पक्राउ, अबैध लागुऔषध कारोवार नियन्त्रण देखी सामाजिक काममा पनि त्यतिकै योगदान देखिएको छ ।

एसपी हुमागाईं २०८० साल फागुन ६ गते जिल्लाको कमाण्ड सम्हालेका थिए ।

उनको कार्यकालमा कुल ५ करोड, ६६ लाख, ४१ हजार, ८८४ बराबरको अवैध सामान, र सामान ओसार पसारमा प्रयोग गरिएको २ थान पिकअप, १ थान सफारी, १ थान बोलेरो,१ थान भ्यान, १ थान अटो रिक्सा, १७२ थान मोटरसाईकल र ३३ थान साइकल विभिन्न मितिमा बरामद गरी आवश्यक कारबाहीको लागि बुझाइएको जिल्ला भन्सार कार्यालय स्रोतले जनाएको छ ।

सोही अवधिमा हुण्डी कारोबारीबाट ४९ लाख, १४ हजार ७४० रुपैयाँ, जिल्लाको बिभिन्न स्थानबाट २ थान सेमी अटो पेस्तोल, ४ थान नलकटुवा पेस्तोल १५ थान गोली विभिन्न स्थानबाट बरामद गरी नेपाल प्रहरीको जिम्मा लगाईएको जनाइएको छ ।

त्यसैगरी सशस्त्र प्रहरीले भारतीय सीमाक्षेत्र हुँदै आउनेजाने मानिस माथी निगरानी बढाएर नशालु ट्याब्लेट डाईजिपाम २२ सय ७८ ट्याब्लेट, नाईत्रोभेट ४४ ट्याब्लेट, बुप्रोफिन नशालु ईन्जेक्सन ६०६ एमपूल, प्रोमेथआजिन नशालु ईन्जेक्सन १७९८ एमपूल, फेनार्गन २७ ट्याब्लेट, एमफिल २२ ट्याब्लेट र गाँजा १५ किलो ९६० ग्राम बरामद गरिएको सशस्त्र प्रहरी स्रोतले जनाएको छ ।

स्रोतका अनुसार लागुऔषध , तस्करी, हातहतियार, हुण्डी लगायत बिभिन्न गैरकानुनी क्रियाकलाहरूमा संलग्न ३९ जना मानिसलाई पक्राउ गरि कार्वाहीको दायरामा ल्याईएको थियो ।

सशस्त्र प्रहरीका एसपी बिक्रम हुमागाईंको सहभागितामा बिभिन्न मितिमा जिल्लाको ईशनाथ नगरपालिका ७ घिउरामा सरस्वती पूजाको मूर्ति विसर्जन, वडा ६ महाबिरी झण्डा, राजापुर कुडिया दाहा मेलामा दुई समुदाय बिचको बिवाद शान्तिपूर्ण मिलाईएको थियो ।

गरुडा शिवनगर बर्थिङ सेन्टरमा आगजनीको घटनामा अप्रिय हुन नदिएको,पर्रोहा ९ खापमा शिवम मणि ट्रान्सफर सञ्चालक माथी गोली प्रहार गरी भाग्दैगरेका ३ जना भारतीय अपराधी पक्राउ २ थान पेस्तोल बरामद गरिएको थियो ।

त्यस्तै गतबर्ष अविरल बर्षा र बाढीबाट भएको डुबानमा ४९३ जनशक्ती परिचालन गरी १२३ जना सकुशल,९ जना घाईतेको उद्धार र ४ जना मृत फेला पारेको थियो। जिल्लाको बिभिन्न स्थानमा संचालित निःशुल्क स्वास्थ्य शिविरमा १५ सय भन्दा बढी बिरामी लाभान्वित भएका थिए ।

एसपी हुमागाईको सक्रियतामा पटक पटक सिमाबासी संग सशस्त्र प्रहरी कार्यक्रमको आयोजना गर्नुका साथै बिभिन्न समयमा २५१ वटा जनचेतना मुलक कार्यक्रम गरिएको सशस्त्र प्रहरी स्रोतले जनाएको छ ।

गत माघ ३० गते एसपी घिमिरे विभागिय नियमानुसार रौतहटमा आफ्नो कार्यकाल पूरा गरी सरुवा भएर रवाना भएपछी हाल एसपी सन्तोष कुमार बस्नेतले सशस्त्र प्रहरीको कमाण्ड सम्हालेका छन् ।

एसपी हुमागाईं यहाँ बाट सशस्त्र प्रहरी बल सुनसरी बाहिनी रवाना भएका थिए ।

# सडक जीर्ण हुँदा यात्रुलाई सास्ती

**टुडे समाचारदाता**



लहान । कुसहा-मौवहा-बेल्हीसडक जीर्ण हुँदा यात्रु र स्थानीय सास्ती खेप्न बाध्य भएका छन् । राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रमअन्तर्गत बनेको कलोपत्र उप्किएर सडक माटो र बालुवामा परिणत भएको सुरुङ्गा नगरपालिका-१० का रोशनकुमार साहले बताएका छन् ।

वि.सं. २०७६ मा बनेको सडकको स्तरोन्नतिका लागि सम्बन्धित निकायले चासो नराख्दा खाल्डाखुल्डी परेर जीर्ण भई सडकमा बालुवा उड्न थालेको छ। त्यसले गर्दा सडक छेउका घर धुलाम्मे देख्न थालेको छ। स्थानीयको स्वास्थ्यमा प्रतिकूल असर हुन थालेको बलानबिहुल गाउँपालिका-१ का स्थानीय रासिन्द्र यादवको भनाइ छ।

बलानबिहुलका अध्यक्ष खेमचन्द्र यादवले चाँडै सम्बन्धित निकायले पुनः सडक कालोपत्र गर्ने वातावरण नमिलाए आन्दोलनमा जान बाध्य हुने बताए। गाउँपालिकाले सो सडक पुनःनिर्माणका लागि सङ्घदेखि प्रदेश सरकारलाई ध्यानाकर्षण गराएको उनको भनाइ छ। जिल्ला प्राविधिक कार्यालय राजविराज सप्तरीले पप्पु मृत सञ्जीवनी जेभी काठमाण्डुलाई ११ करोड एक लाख ७९ हजार ५५२ रुपैयाँमा ठेक्का दिएको थियो ।

सप्तरीकोसुरुंगानगरपालिकाको कुशहा बजारदेखि भारतीय सीमावर्ती क्षेत्रमा पर्ने बलानबिहुल-४ बेल्हीसम्म करिब साढे १६ किलोमिटरसम्मको उक्त सडक योजनाअन्तर्गत सडक छेउमा वृक्षरोपण गर्ने भनिए पनि त्यसमा पनि चरम लापरबाही भएको थियो।

सडकको छेउछाउ लामो समयदेखि सफाइ नहुँदा बनमारा झाडी उम्रेर सडक कुरुप देखिन थालेको स्थानीय लक्ष्मीकान्त पासवानको भनाइ छ। स्थानीयका अनुसार सो सडक स्तरोन्नतिको काम सम्पन्न गर्ने समयसीमा २०७३ साउन १० गते नै सकिएको थियो। ठेकेदार कम्पनीले 'ग्राभेल'को काम सकेर बाँकी काम अलपत्र छाडेको राजाराम यादवको भनाइ छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीले विसं २०७५ कात्तिक १५ मा जिल्ला प्राविधिक कार्यालयसँग सो सडकको सम्पूर्ण विवरण माग गरी छानबिन थालेपछि ठेकेदार कम्पनीले सडकको काम तीव्र रूपमा अघि बढाएर कालोपत्र गरेको थियो। सडक निर्माण कम्पनीको सडकको काम सन्तोषजनक नरहेको भन्दै स्थानीयले तत्कालीन समयमा असन्तुष्टि जनाए पनि जिल्ला पूर्वाधार विकास कार्यालय सिरहाले ध्यान नदिँदा चाँडै सडक जीर्ण भएको स्थानीयको आरोप छ।

# यामाहा मेगा एक्सचेन्ज अफर शुरु

**टुडे समाचारदाता**




जनकपुरधाम । जनकपुरधामको बाह्रविघामैदानमा यामाहाको मेगा एक्सचेन्ज अफर शुरु भएको छ ।

जनकपुरधाममा आइतबारदेखि शुरु भएको सो कार्यक्रमको उद्घाटन श्रम तथा यातायात मन्त्री कौशल किशोर रायले गरे । उद्घाटन गर्दै उनले आफूले २०५५ सालमा यामाहाको वाइबीएक्स मोटरसाइकल खरीद गरेको स्मरण गर्दै यामाहा कम्पनीको मोटरसाइकलको सबैभन्दा बढी टिकाउ र भरपर्दो हुने बताए। साथै उनले हाल यामाहाले सुरु गरेको मेगा एक्चेन्जका अफरहरु अति आकर्षक रहेको र यसको लाभ सबैले लिन उनले आग्रह गरे ।

सो एक्चेन्ज अफर ९ गत्ते (शुक्रबार) सम्म चल्ने छ। यामाहा मेगा एक्सचेन्जमा पुरानो बाइक वा स्कुटरमा १०,००० रुपैयाँको अतिरिक्त मूल्यांकन पाउनुका साथै नयाँ यामाहाको खरिदमा ६,००० रुपैयाँको नगद छुटको व्यवस्था रहेको छ। साथै हेलमेट, लेगगार्ड, फुटम्याट, बाइक कभर र ब्याग लगायतका एसेसेरिजहरु फ्रिमा दिइने कम्पनीले जनाएको छ।

**साइवर सुरक्षाबारे सचेत रहौं**

- अपरिचित लिङ्क वा मेल नखोलौं,
- चिठ्ठा पर्यो भनि आएको मेल/लिङ्कहरुको विश्वासमा नपरौं,
- विभिन्न उपहार पठाउन रकम माग गरे विश्वास नगरौं,
- आफ्नोफोटो,भिडियोतथाव्यक्तिगतजानकारी जो कोहीसँग सेयर नगरौं,
- आकर्षक रोजगारी पाउने प्रलोभनमा रकम नपठाऔं,
- चिनजानकैव्यक्तिबाटमेसेजमारकममागगरेमा ह्याक भएको हुनसक्छ, त्यस्तो अवस्थामा रकम नपठाऔं,
- सार्वजनिक स्थानमा उपलब्ध फ्रि वाइफाइमा बैङ्किक कारोबार वा संवेदनशील जानकारी आदानप्रदान नगरौं ।

शंका लागेमा नजिकको प्रहरी वा साइवर ब्युरोमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८